*कक्षा एघारको नेपाली* (२०७७) पाठ्यपुस्तकको अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली
भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह
(एम.एड.) द्वितीय वर्षको नेपा.शि.
५९८ को पाठ्यांश पुरा गर्ने
प्रयोजनका लागि
प्रस्तुत

**शोधपत्र**


**सीता पौडेल**
**त्रि.वि. दर्ता क्रमाङ्क : ९-२-२४०-५१४-२०१०**
**परीक्षा क्रमाङ्क : २४०००४१**

**नेपाली भाषा शिक्षा विभाग**
**सप्तगण्डकी बहुमुखी क्याम्पस**
**भरतपुर, चितवन**


**२०७९/2022**

## प्रतिबद्धतापत्र

*कक्षा एघारको नेपाली (२०७७) पाठ्यपुस्तकको अध्ययन* शीर्षकको यस शोधपत्रमा उपयोग र प्रयोग गरिएका सन्दर्भ सामग्रीहरू जे-जसरी सम्पादन गरिएको भए तापनि ती सबैलाई गर्भे टिप्पणीका आधारमा पुष्टि गरिएको छ । मैले प्रस्तुत गरेका सबै विषयवस्तुहरू मौलिक छन् र यस शोधपत्रमा कुनै पनि अंश प्रतिलिपिगत, प्रकाशित र शोधप्रयोजनस्वरूप उपाधि लिन कुनै पनि विश्वविद्यालयमा प्रस्तुत गरिएको छैन भनी उद्घोष गर्दछु ।

मिति : २०७९।०२।०४

सन् : १८ मे, २०२२

............................

सीता पौडेल

शोधार्थी

## शोधनिर्देशकको सिफारिसपत्र

*कक्षा एघारको नेपाली (२०७७) पाठ्यपुस्तकको अध्ययन* शीर्षकको यो शोधपत्र छात्रा सीता पौडेलले मेरा निर्देशनमा पूर्ण लगाव र परिश्रमपूर्वक तयार पार्नु भएको हो । विषयगत गहनतालाई महत्त्व दिई तयार पारिएको यस शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु । शिक्षाशास्त्र सङ्काय, नेपाली विभागको नयाँ प्रारूपअनुसार तयार पारिएको छ । अतः आवश्यक मूल्याङ्कनका लागि सप्तगण्डकी क्याम्पस, नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७९।०२।१२

सन् : २६ मे, २०२२

..............................

विन्दु पौडेल (वस्ती)

उप-प्राध्यापक

सप्तगण्डकी बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

प्रस्तुत *कक्षा एघारको नेपाली (२०७७) पाठ्यपुस्तकको अध्ययन* शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत दोस्रो वर्षको नेपा.शि. ५९८ अध्ययनपत्र पाठ्याशको प्रयोजनार्थ तयार पारिएको हो ।

प्रस्तुत शोधको उपर्युक्त शोधशीर्षक छनोट तथा शोधप्रस्ताव स्वीकृत गरी शोधको अवसर प्रदान गर्नुहुने सप्तगण्डकी बहुमुखी क्याम्पस तथा यसअन्तर्गतको नेपाली भाषा शिक्षा विभागप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस शोधकार्यको शीर्षक चयन एवम् अन्य सल्लाह, सुझाउ एवम् मार्गनिर्देशन गर्नुहुने नेपाली भाषा शिक्षा विभागका विभागीय प्रमुख एवम् शोधनिर्देशक आदरणीय गुरुआमा विन्दु पौडेल (वस्ती) तथा आदरणीय गुरु सरोज दवाडीप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस शोधकार्यमा यो शोधपत्र तयार गर्ने क्रममा विभिन्न प्रकारका सन्दर्भ सामग्रीहरू उपलब्ध गराइदिने सप्तगण्डकी क्याम्पस पुस्तकालय र केन्द्रीय क्याम्पस (त्रि.वि.) पुस्तकालयप्रति धन्यवाद प्रकट गर्दछु ।

शोधलेखनका क्रममा तुलसीप्रसाद ढुङ्गाना, हेमाङ्गराज अधिकारी, माधवप्रसाद आचार्य र रामप्रसाद गौतम, रामचन्द्र लम्साल तथा माधवप्रसाद पौडेलका पुस्तक एवम् मीनाकुमारी क्षेत्री, कोपिला ढकाल, सुमिता चालिसे, कमलादेवी कँडेल, राधा कोइराला, सुमन के.सी., कमल सुवेदी, मीना ढकाल, शुष्मा घिमिरे, शोभा ओलीका शोधपत्रहरूको सहयोग लिइएकाले उहाँहरूप्रति कृतज्ञता प्रकट गर्दै मलाई यस स्तरको शैक्षिक यस अवस्थामा पुऱ्याउनु हुने मेरा पिता यमलाल पौडेल र ममतामयी माता सरस्वती पौडेलप्रति म सधैँ अनुगृहित रहने छु । हरेक कोणबाट हौसला प्रदान गरी अगाडि बढ्नका लागि हरतरहले सहयोग गर्नुहुने मेरा पति नकुलप्रसाद गौतम र परिवारका सबै सदस्यहरू एवम् प्रिय साथीहरू पुष्पा बन्जाडे, प्रतीक्षा शर्मा र लक्ष्मी दवाडीप्रति कृतज्ञता प्रकट गर्दछु यसका साथै सम्पादन कार्यमा सहयोग पुऱ्याउनुहुने दाजु जीवन ढुङ्गानाप्रति समेत कृतज्ञता प्रकट गर्दछु ।

अन्त्यमा, प्रस्तुत शोधपत्रको उचित मूल्याङ्कनका लागि सप्तगण्डकी क्याम्पस, नेपाली भाषा शिक्षा विभागसमक्ष पेस गर्दछु ।

मिति : २०७९।०२।०४

सन् : १८ मे, २०२२

शोधार्थी

सीता पौडेल

# शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सप्तगण्डकी बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वित्तीय वर्षको नेपाली शिक्षा ५९८ पाठयांशको प्रयोजनका लागि तयार गरिएको छ । यस शोधपत्रलाई *कक्षा एघारको नेपाली (२०७७) पाठ्यपुस्तकको अध्ययन* शीर्षक दिई शोधकार्यका उद्देश्यहरूमा आधारित रही यस पुस्तकको आन्तरिक र बाह्य विशेषताका आधारमा विश्लेषण गर्नु रहेको छ ।

पाठ्यक्रम प्रारूप २०७६ अनुसार परिवर्तित *कक्षा एघारको पाठ्यपुस्तक*लाई पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य पुरा गर्ने विषयवस्तु समेटिएको पाइन्छ । यसमा समयानुकूल विद्यार्थीको भाषिक अभिवृद्धि गर्नुका साथै उनीहरूलाई भाषाका चार सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मा पूर्ण दक्ष बनाउन विधागत पाठहरू पाठ्यक्रमअनुसार प्रभावकारी देखिन्छ, जसमा कविता, सामाजिक र मनोवैज्ञानिक कथाहरू राखिनुका साथै निबन्ध, प्रबन्ध, चिठी, रिपोर्ताजनात्मक सिर्जना, व्याकरण आदि विधाहरूलाई क्रमबद्ध र स्तरअनुसार मिलाएर राखिएको पाइन्छ । पाठ्यपुस्तकका प्रत्येक पाठमा कार्यमूलक व्याकरण राखिएको छ, जुन पाठ्यक्रमले तोकेको उद्देश्य पुरा गर्ने खालको देखिन्छ । जसले गर्दा सिकाइपश्चात् व्यवहारकुशल सीप प्रदान गर्न सकून् भन्ने उद्देश्यका साथ पाठ्यपुस्तकलाई २०७६ सालको पाठ्यक्रमअनुरूप बनाइएको पाइन्छ ।

यस पाठ्यपुस्तकको आन्तरिक र बाह्य विशेषताहरूको अध्ययन, विश्लेषणपश्चात् बाह्य विशेषताहरूमध्ये बनोट, बुनोट, अक्षराकार र ठाउँ छोडाइका दृष्टिले पाठ्यपुस्तकलाई सुन्दर, आकर्षक बनाइएको छ भने आन्तरिक विशेषताहरूमध्ये पाठ्यवस्तु, विधा तथा प्रस्तुति र नमुना अभ्यासले विद्यार्थीको पूर्वभाषिक क्षमताअनुसार पाठलाई लम्बीय रूपमा मिलाइएको छ भने विद्यार्थीको रुचि र आवश्यकताअनुरूपको पाठ्यवस्तु राखिएको छ । पाठ्यपुस्तकको बाह्य र आन्तरिक विशेषताहरूको धेरै राम्रा र सबल पक्ष देखिएका छन् भने केही कमजोर पक्ष पनि देखिएका छन् । पाठमा प्रयोग गरिएका चित्रहरू थोरै र अस्पष्ट हुनुका साथै छपाइका दृष्टिले हेर्दा कहीँ बढी र कहीँ कम मसीको प्रयोग भएको देखिन्छ । कागजको गुणस्तर पनि कमसल खालको देखिन्छ । पुस्तकको मूल्य उल्लेख नगर्नु पनि यसको कमजोर पक्ष देखिन्छ ।

# सङ्क्षिप्त रूपसूची

| सङ्क्षिप्त रूप | | पूर्णरूप |
|---|---|---|
| एम.एड. | : | मास्टर्स अफ एजुकेसन |
| एस.एल.सी. | : | स्कुल लिभिङ सर्टिफिकेट |
| के.सी. | : | खत्री क्षत्री |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| नं. | : | नम्बर |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |
| पृ. | : | पृष्ठ |
| पृपृ. | : | पृष्ठहरू |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| रा.शि.प.यो. | : | राष्ट्रिय शिक्षा परिषद् योजना |
| सम्पा. | : | सम्पादक |
| सु.प. | : | सुनाइ पढाइ |
| से.मी. | : | सेन्टिमिटर |
| संस्क. | : | संस्करण |

# विषयसूची

*आवरण पृष्ठ* पृष्ठ

*प्रतिबद्धतापत्र*

*शोधनिर्देशकको सिफारिसपत्र*

*स्वीकृतिपत्र*

*कृतज्ञताज्ञापन*

*शोधसार* क

*सङ्क्षिप्त रूपसूची* ख

*विषयसूची* ग

*तालिकासूची* च

*चित्रसूची* छ

*चिन्हसूची* ज

**अध्याय एक : शोधपरिचय**

अध्ययनको पृष्ठभूमि १

समस्याकथन २

अध्ययनको औचित्य २

शोधको उद्देश्य ३

सीमाङ्कन ३

पारिभाषिक शब्दावली ३

सारांश ४

**अध्याय दुई : सम्बन्धित कार्यको पुनरावलोकन**

सैद्धान्तिक पुनरावलोकन ५

प्रायोगिक पुनरावलोकन ६

अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग १०
भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकको सैद्धान्तिक परिचय ११
भाषा पाठ्यपुस्तकको परिचय ११
पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध १३
भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकको सम्बन्ध १४
पाठ्यक्रमअनुरूपताका आधारमा भाषा पाठ्यपुस्तकको विश्लेषण १५
भाषा पाठ्यपुस्तकमा प्रयुक्त विधा १६
भाषिक सीपका आधारमा भाषापाठ्यपुस्तक १७
विधाको क्षेत्र, क्रम र पाठहरू १८
भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषणका आधारहरू १९
सारांश २८

**अध्याय तीन : अनुसन्धान विधि**

अनुसन्धान ढाँचा ३०
नमुना छनोट प्रक्रिया ३०
तथ्य सङ्कलन प्रक्रिया ३१
तथ्य सङ्कलनका साधन ३१
तथ्य सङ्कलन ३१
अवधारणात्मक ढाँचा ३२
नतिजा र छलफल ३२
शोधपत्रको रूपरेखा ३२
सारांश ३३

**अध्याय चार : व्याख्या र विश्लेषण**


पाठ्यक्रम अनुरूपताका आधारमा विश्लेषण ३५

भाषिक सीपका आधारमा पाठ्यपुस्तक ३६

विधाको क्षेत्र, क्रम र पाठहरू ३७

पाठ्यपुस्तकमा रहेका कार्यमूलक व्याकरणका अभ्यास खण्ड ३८

सारांश ३८


**अध्याय पाँच : *कक्षा एघारको नेपाली* पाठ्यपुस्तकको अध्ययन**


पाठ्यपुस्तकको बाह्य र आन्तरिक विशेषताका आधारमा अध्ययन ४०

बाह्य विशेषताका आधारमा विश्लेषण ४०

आन्तरिक विशेषताका आधारमा विश्लेषण ४२

सारांश ४७


**अध्याय छ : सारांश, निष्कर्ष र उपादेयता**


सारांश ४९

निष्कर्ष ५१

उपादेयता ५२

नीतिगत तह ५३

प्रयोगगत तह ५३

सन्दर्भ सामग्रीसूची

परिशिष्ट

व्यक्तिवृत्त

# तालिकासूची


| तालिका सङ्ख्या | | शीर्षक | पृष्ठ |
|---|---|---|---|
| १ | : | पाठ्यपुस्तकमा विधागत पाठहरूको रखाइक्रम विवरण | ४५ |
| २ | : | अभ्यासको प्रकृति र सङ्ख्याहरू | ४८ |

# चित्रसूची


| चित्र सङ्ख्या | | शीर्षक | पृष्ठ |
|---|---|---|---|
| १ | : | अवधारणात्मक ढाँचा | ३२ |

# चिह्नसूची

| चिह्न | अर्थ |
|---|---|
| ; | अर्धविराम |
| , | अल्पविराम |
| “ ” | कसैको प्रत्यक्ष उक्तिको उद्धरण गर्दा |
| … | केही अंश छोडिएको |
| । | पूर्णविराम |
| ? | प्रश्नवाचक |
| - | योजक |
| / | विकल्प, पर्याय |
| ‘ ’ | विशेष जोड दिँदा |
| : | व्याख्या/सापेक्ष |
| – | बाट |
| ( ) | पेटे टिप्पणी दिँदा |
| = | बराबर, माने |

# अध्याय एक

# शोध परिचय

## अध्ययनको पृष्ठभूमि

भाषा पाठ्यपुस्तक भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपलाई आधार मानेर तयार पारिएको प्रमुख शैक्षिक सामग्री हो । भाषा पाठ्यपुस्तक समयको परिवर्तनसँगै विभिन्न समयमा परिवर्तन र सुधार हुँदै आइरहेको पाइन्छ । यही परिप्रेक्ष्यलाई मध्यनजर गर्दै परिवर्तन गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार *कक्षा एघारको नेपाली* पाठ्यपुस्तक तयार गरिएको छ । यस पाठ्यपुस्तकको विभिन्न समयमा परिमार्जित हुँदै २०७७ सालबाट नयाँ रूपमा पठनपाठनमा लागु गरिएको छ । पाठ्यपुस्तक भाषाका चारवटै सीपलाई आधार मानेर पाठ्यक्रमअनुरूप हुनु जरूरी हुन्छ । कक्षा एघारको पाठ्यक्रमअनुरूपताका आधारमा पाठ्यपुस्तकको अध्ययन विश्लेषणअन्तर्गत भाषाका चार सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) हरूको क्रमबद्ध विकास गरी विद्यार्थीहरूलाई बोध क्षमता र अभिव्यक्ति कलामा निपूर्ण तुल्याउँदै लानु हो । यसअन्तर्गत भाषिक सीप विकास गर्नको लागि शिक्षकले भनेको सुन्ने र भन्नेजस्ता अभ्यासले सुनाइ, बोलाइ, सीपको विकास गर्न मद्दत पुऱ्याउदछ । प्रश्नोत्तरसम्बन्धी अभ्यासहरूले पठनबोध तथा लेखनसम्बन्धी उद्देश्यको विकास गर्दछ । शुद्ध लेख्ने अभ्यासले भाषिक शुद्धतामा जोड दिने काम गर्दछ । त्यस्तै पढ र लेख भनी दिइएका अभ्यासहरू पढाइ र लेखाइ दुवै सीपको विकास गराउन सहयोगी हुन्छ । जनक शिक्षा केन्द्रबाट उत्पादित तथा वितरित *कक्षा एघारको नेपाली* (२०७७) पाठ्यपुस्तक पाठ्यक्रमअनुरूप भए नभएको र विशेषताका आधारमा पाठ्यपुस्तकको विश्लेषण अध्ययन गरिएको छ ।

*कक्षा एघारको नेपाली* भाषा पाठ्यपुस्तकको विश्लेषण गर्दा पाठ्यपुस्तकको आन्तरिक विशेषता वा बाह्य विशेषताका आधारमा गरिएको छ । आन्तरिक गुण भन्नाले भित्री गुण भन्ने बुझिन्छ । पुस्तक हेर्न र सजाउनका लागि नभएर पढ्न र अभ्यास गर्न तथा भाषिक अपेक्षा हासिल गर्न प्रभावकारी सहयोग पुऱ्याउने खालको हुनुपर्दछ । यस्तो प्रभावकारी सहयोग पुऱ्याउने विशेषता नै आन्तरिक विशेषता हो, जसअन्तर्गत पाठ्यवस्तु, विधा तथा प्रस्तुति, शब्दभण्डारको प्रयोग, भाषा, नमुना अभ्यास, चित्रहरूको प्रयोग र अन्य पक्षहरूको अध्ययन विश्लेषण गरिन्छ । भाषा पाठ्यपुस्तकमा परिधीय विशेषतालाई बाह्य वा

भौतिक विशेषताका रूपमा पनि चिन्न सकिन्छ । पाठ्यपुस्तकहरूमध्ये शिक्षार्थीको ध्यान आकृष्ट गरी उत्सुकता वा उत्प्रेरणा जगाउने कार्यमा यसको भूमिका महत्त्वपूर्ण हुन्छ । यस्ता परिधीय विशेषताहरूले आन्तरिक गुणलाई बचाउने काम गर्दछन् । बाह्य विशेषता भन्नाले आवरण पृष्ठ, अक्षरको आकार, ठाउँ छोडाइ, छपाइ र बँधाइ, कागजको स्तर, मूल्य, सुलभता आदि पर्दछन् ।

## समस्याकथन

पाठ्यक्रमका निर्धारित उद्देश्यहरू पूरा गर्न तयार गरिएको उपयोगी शैक्षिक सामग्रीलाई पाठ्यपुस्तक भनिन्छ । भाषा पाठ्यपुस्तक भाषिक सीपलाई आधार मानेर तयार पारिएको हुन्छ । समय र क्रमसँगै पाठ्यक्रम, पाठ्यपुस्तकमा पनि परिवर्तनको खाँचो पर्दछ । यही नियमलाई ख्याल गरेर २०७६ सालको पाठ्यक्रमअनुसार तयार पारिएको *कक्षा एघारको नेपाली* पाठ्यपुस्तक २०७७ सालदेखि नै लागु गरिएको छ । यसर्थ वर्तमान पाठ्यक्रमअनुसार पाठ्यपुस्तक अध्ययन विश्लेषण गर्नुका साथै पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताका आधारमा उक्त भाषा पाठ्यपुस्तक केकस्तो रहेको छ भनी यस शोधपत्रको समस्या बनाइएको छ । जनक शिक्षा सामग्री केन्द्रद्वारा प्रकाशित वर्तमान नेपालको *कक्षा एघारको नेपाली* विषयको पाठ्यपुस्तकमा केन्द्रित भई यिनै समस्याको समाधान खोजिएको छ ।

## अध्ययनको औचित्य

माध्यमिक तहका कक्षाहरूमा वर्तमान समयमा पठनपाठनको प्रयोगमा आएका पाठ्यपुस्तकहरू नेपाली भाषा सिकाइका आवश्यक साधन हुन् । विभिन्न तहमा यस्ता पाठ्यपुस्तकहरूको अध्ययनबाट प्राप्त निष्कर्षहरू शैक्षणिक एवम् पाठ्यपुस्तक लेखनका दृष्टिले आवश्यक मानिन्छन् तसर्थ यस अध्ययनको निष्कर्ष र सुझावले पाठ्यपुस्तक परिमार्जनका लागि समेत फाइदा पुग्ने देखिन्छ ।

वर्तमान समयमा लागु भएको पाठ्यपुस्तक अनुसन्धानका साथै कार्यमूलक क्षेत्रमा भएको प्रयोगमा देखिने बाधा, व्यवधान साथै राम्रो पक्षको समेत रेखाङ्कन गर्न सकिने छ । यस शोधपत्र अन्य शोधपत्रभन्दा निकै फरक र नवीन प्रस्तुतिको हुनेछ । विश्लेषणका क्रममा देखिने कमीकमजोरीहरूलाई कार्यान्वयन तहमा रहेका शिक्षक, विद्यार्थी, अभिभावक, विषय विशेषज्ञ, स्नातकोत्तर तहका शोधार्थीलगायत नेपाली भाषासँग सम्बन्धित अन्य अनुसन्धानकर्ताहरूलाई अत्यन्त लाभदायक हुने हुनाले र यसको औचित्य स्वतः पुष्टि हुनेछ ।

## शोधको उद्देश्य

*कक्षा एघारको नेपाली* पाठ्यपुस्तकको अध्ययनमा यस शोधपत्रलाई निम्नलिखित उद्देश्य लिएर अघि बढाइएको छ :

(क) वर्तमान पाठ्यक्रमअनुसार *कक्षा एघारको नेपाली* (२०७७) भाषा पाठ्यपुस्तकको विश्लेषण गर्नु ।

(ख) भाषा पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताका आधारमा *कक्षा एघारको नेपाली* (२०७७) पाठ्यपुस्तकको विश्लेषण गर्नु ।

## सीमाङ्कन

प्रस्तुत शोध अध्ययनका लागि जनक शिक्षा सामाग्री केन्द्रबाट प्रकाशित *कक्षा एघारको नेपाली* (२०७७) पाठ्यपुस्तकलाई अध्ययन सामग्रीका रूपमा ग्रहण गरिएको छ । पाठ्यक्रमअनुसार *कक्षा एघारको नेपाली* भाषा पाठ्यपुस्तकको विश्लेषण गर्नुका साथै पाठ्यपुस्तकको आन्तरिक आधारहरू पाठ्यवस्तु, शब्दभण्डार, नमुना अभ्यास, चित्र, टिप्पणी, सङ्केत, छनोट, स्तरण र बाह्य आधारहरूमा आवरण पृष्ठ, अक्षरको आकार र ठाउँ छोडाइ, छपाइ र बँधाइ, कागजको स्तर, मूल्य, सुलभता आदिको दृष्टिले विश्लेषण गरिएको छ । यसबाहेक कुनै पक्षको अध्ययन नगर्नु प्रस्तुत शोधकार्यको सीमा रहेको छ ।

## पारिभाषिक शब्दावली

आन्तरिक विशेषता : भाषिक अपेक्षा पुरा गर्ने भित्री गुण

बाह्य विशेषता : बाहिरी आवरणको गुण

पाठ्यवस्तु : विधागत विषयवस्तु

पाठ्यपुस्तक : विद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीहरूले औपचारिक तवरले पढ्नुपर्ने पुस्तक

भाषा : मनका भाव या विचार अरूछेउ प्रकट गर्ने सार्थक शब्द वा वाक्यहरूको समूह; आशय वा भाव व्यक्त गर्ने सार्थक ध्वनिसमूह; वाणी; बोली ।

## सारांश

प्रस्तुत शोधपत्रको पहिलो अध्यायलाई ‘अध्ययनको पृष्ठभूमि’ शीर्षक दिई यस शोधपत्रको पृष्ठभूमि प्रस्तुत गरिएको छ । यसअन्तर्गत समस्याकथनमा *कक्षा एघारको नेपाली* (२०७७) पाठ्यपुस्तकको बारेमा सामान्य परिचय दिँदै नेपाली भाषाको भाषिक सीप विकास गर्नका लागि केके गर्नु पर्दछ भनेर व्याख्या गरिएको छ । यसरी व्याख्या गर्नेक्रममा पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य विशेषताहरूको बारेमा केकस्ता पद्दतिहरू अवलम्बन गरी विश्लेषण गर्ने भन्ने कुरालाई खुलाइएको छ । यसैगरी अध्ययनको औचित्यअन्तर्गत यस पाठ्यपुस्तकको औचित्य कसरी पुष्टि हुन्छ भन्ने कुरालाई पुस्तकको आन्तरिक तथा बाह्य दृष्टिको विश्लेषण गरिने यो अध्ययन नितान्त नवीन र मौलिक हुने भएकाले शोधको औचित्य पुष्टि गरिएको छ । यस अध्ययनलाई अन्य पक्षबाट विश्लेषण नगरी वर्तमान पाठ्क्रमअनुसार आन्तरिक तथा बाह्य विशेषताका आधारमा मात्र सीमित रही कृतिको विश्लेषण गरिएको कुरालाई सीमाङ्कनमा प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत शोधपत्रको उपयोगिताअनुसार शोधको औचित्य र शोधले समेटेका कुराहरू सीमाङ्कन र अन्त्यमा यस अध्यायको सङ्क्षिप्त सारांश समावेश गरी पहिलो अध्याय सम्पन्न गरिएको छ ।

# अध्याय दुई

## सम्बन्धित कार्यको पुनरावलोकन

सम्बन्धित विषयवस्तुमा पहिले सम्पन्न गरिएका कार्यहरू पाठ्यपुस्तक, पत्रपत्रिका, लेख, शोध प्रबन्ध, प्रतिवेदन आदिको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु सम्बन्धित कार्यको पुनरावलोकन हो । अनुसन्धान गर्नुपूर्व उक्त विषयसँग सम्बन्धित विषयमा कुनकुन अध्ययन भए भन्ने जानकारी हुने हुँदा आफूले गर्न लागेको अध्ययनलाई मार्गनिर्देशन गर्न सहयोग पुग्दछ । सम्बन्धित कार्यको पुनरावलोकनलाई सैद्धान्तिक पुनरावलोकन र प्रायोगिक पुनरावलोकन गरी समीक्षाहरूलाई दुई भागमा विभाजन गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

### सैद्धान्तिक पुनरावलोकन

प्रस्तुत शोधकार्य *कक्षा एघारको नेपाली* (२०७७) पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य विश्लेषण गर्ने समस्यामा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ । यसै विषयसँग सम्बन्धित विभिन्न विद्वान्हरूद्वारा लिखित विभिन्न कृतिहरूको समीक्षालाई सैद्धान्तिक पुनरावलोकनको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

ढुङ्गाना (२०६५) द्वारा लिखित *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* नामक पुस्तकमा भाषाविज्ञानको परिचय, पृष्ठभूमि, विकासका साथै यसका विभिन्न पक्षको चर्चा गरिनुका साथै भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकको परिचय, परिभाषा र निर्माणका आधारहरूको बारेमा उल्लेख गरिएको छ । यस पुस्तकमा शोध शीर्षकसँग सम्बन्धित पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य पक्षको बारेमा चर्चा गरिएको हुँदा यसलाई एक प्रमुख आधारको रूपमा लिइएको छ ।

अधिकारी (२०६५) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा नेपाली भाषा शिक्षणका समस्या, भाषा शिक्षणका सिद्धान्त, पहिलो भाषा र दोस्रो भाषा सिकाइ, मौखिक अभिव्यक्ति शिक्षण, व्याकरण शिक्षण, भाषा पाठ्यपुस्तक र यसको उपयोग, भाषिक मूल्याङ्कन आदि कुराहरूको बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ । यस कृतिको पुनरावलोकनबाट गर्न लागिएको शोधपत्रको लागि भाषिक सीप र पाठ्यपुस्तक तथा यसको उपयोगिताको बारेमा व्याख्या तथा विश्लेषण गर्न सहयोग पुगेको छ ।

आचार्य र गौतम (२०६६) द्वारा लिखित *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* नामक पुस्तकमा पाठ्यपुस्तकको विकास, मूल्याङ्कन, विश्लेषण, शैलीविज्ञान, व्यतिरेकी विश्लेषण र त्रुटी विश्लेषण, शैक्षणिक व्याकरण, भाषा पाठ्यक्रमको सैद्धान्तिक अवधारणा पाठ्यवस्तुको छनोट र स्तरण, भाषा पाठ्यपुस्तकको सैद्धान्तिक परिचय आदिको बारेमा विस्तृत चर्चा गरिएको छ । यस कृतिको अध्ययनबाट गर्न लागिएको शोधपत्रको सैद्धान्तिक अवधारणा पहिचान गर्न तथा पाठ्यपुस्तकको व्याख्या तथा विश्लेषण गर्न अत्यन्त सहयोगी बन्न पुगेको छ ।

लम्साल र अन्य (२०६६) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा नेपाली भाषा शिक्षणसम्बन्धी परिचय, मातृभाषा शिक्षणसम्बन्धी परिचय, मातृभाषामा शिक्षण, भाषापाठ्यक्रम निर्माणका सिद्धान्त, नेपाली भाषा पाठ्यक्रम निर्माणका सिद्धान्त, नेपाली भाषा पाठ्यक्रमको विकास, बोलाइ, शिक्षण, उच्चारण शिक्षण, वर्णविन्यास र वाक्यगठन शिक्षण, भाषिक मूल्याङ्कन लगायतका कुराहरू प्रस्तुत गरिएको छ । यो कृतिको अध्ययनबाट नेपाली भाषा तथा भाषिक सीपको जानकारी प्राप्त गर्नुका साथै पाठ्यक्रमको सिद्धान्तको बारेमा जानकारी प्राप्त गर्न सहयोगी बनेको छ ।

पौडेल (२०६७) द्वारा लिखित *भाषा पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण पद्धति* नामक पुस्तकमा भाषा पाठ्यक्रम निर्माणको सिद्धान्त र प्रक्रिया, भाषा पाठ्यवस्तुको छनोट र स्तरण, भाषा पाठ्यपुस्तकको अध्ययन, विश्लेषण र योजना तर्जुमा नेपाली भाषा शिक्षणको परम्परागत पृष्ठभूमि र वर्तमान स्थितिको बारेमा व्यापक ज्ञान प्रस्तुत गरिएको पाइन्छ । यस कृतिको पुनरावलोकनबाट गर्न लागिएको शोधकार्यको लागि भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकको बारेमा महत्त्वपूर्ण जानकारी प्राप्त गर्नुका साथै भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको सिद्धान्तका आधारमा समग्र कृतिको अध्ययन विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

## प्रायोगिक पुनरावलोकन

*कक्षा एघारको नेपाली* (२०७७) पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य विश्लेषण गर्ने मुख्य समस्यामा केन्द्रित रही यो शोधकार्य गरिएको छ । प्रस्तुत शोधको शीर्षक एवम् उद्देश्यसँग सम्बन्धित यस अघिका भएगरेका विभिन्न शोधार्थीहरूको शोधपत्रको समीक्षालाई प्रायोगिक पुनरावलोकनको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

सुवेदी (२०६५) द्वारा *कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन* शीर्षकमा केन्द्रित भएर पाठ्यपुस्तकका आन्तरिक र बाह्य गुणका आधारमा विश्लेषण गरिएको छ । उक्त पाठ्यपुस्तक विद्यार्थीको स्तर, रूचि, उमेरअनुसार राखिएको छ, छैन भनी विश्लेषण गरिएको हो । पाठ्यक्रमको उद्देश्यअनुरूप पाठ्यसामग्री भएको, चित्रको उपयुक्त प्रयोग भएको, भाषामा उपदेश पक्षमा बढी महत्त्व दिइएको, विधागत रूपले उपयुक्त, शिक्षकलाई निर्देशन दिइएको, पृष्ठको सजावट र बँधाइ उपयुक्त भएको निष्कर्ष निकालिएको छ र क्षेत्रका दृष्टिले खेलकुद र चाडपर्वसम्बन्धी विषयहरू थपिनु पर्ने तथा केही शब्दगत परिमार्जन गर्नुपर्ने सुझाव दिइएको छ । यस शोधकार्यको अध्ययनबाट गर्न लागिएको शोधमा पाठ्यपुस्तक र त्यसको आन्तरिक तथा बाह्य पक्षको बारेमा जानकारी प्राप्त गर्नुका साथै कागजको स्तर, बँधाइको बारेमा समेत जानकारी प्राप्त गर्न सहयोग पुगेको छ ।

ढकाल (२०६६) द्वारा *कक्षा पाँचको मेरो नेपाली पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त नेपाली भाषा पाठ्यपुस्तक विद्यार्थीको स्तर निर्धारण गर्नको लागि पत्र तयार गरिएको छ । पाठ्यक्रमको उद्देश्यअनुरूप पाठ्यसामग्री भएको, चित्रको उपयुक्त प्रयोग भएको, भाषामा उपदेश पक्षमा बढ्ता महत्त्व दिइएको, शिक्षकलाई निर्देशन दिइएको, पृष्ठको सजावट र बँधाइ उपयुक्त भएको निष्कर्ष निकालेका छन । विधागतरूपले उपयुक्त विषय क्षेत्रका दृष्टिले खेलकुद र चाडपर्वसम्बन्धी विषयहरू थपिनु पर्ने तथा केही शब्दहरू परिमार्जन गर्नुपर्ने सुझाव दिएका छन । यस शोधकार्यको अध्ययन गर्नाले गर्न लागिएको शोधको लागि पाठ्यपुस्तकको सैद्धान्तिक प्रारूप तयार गर्न एवम् पुस्तकको आन्तरिक तथा बाह्य पक्षको बारेमा समेत जानकारी प्राप्त गर्न सहज बनेको छ ।

श्रेष्ठ (२०६७) द्वारा *कक्षा दुईको मेरो नेपाली पाठ्यपुस्तकको विश्लेषण* शीर्षकमा शोधकार्य तयार भएको पाइन्छ । यस शोधको निष्कर्षमा विद्यार्थीहरूमा भाषाका चारै सीपहरूको विकास गर्ने उद्देश्यका लागि गरिएको पाइन्छ । यस क्रममा उनले पाठ्यक्रमका अनुरूपताका आधारमा र भाषा पाठ्यपुस्तक बाह्य तथा आन्तरिक विशेषताका आधारमा उक्त पाठ्यपुस्तक पाठ्यक्रमअनुरूप विविध विषयहरूलाई समेट्ने प्रयत्न गरिएको भए तापनि विधाहरूको सही वितरण नभएको, सीपगत अभ्यासहरू समान रूपमा प्रस्तुत नभएकाले शोधले पाउन खोजिएको उद्देश्य परिपूर्ति गर्न प्रशस्त अभ्यास नराखिएको जस्ता

कमजोरीहरू रहेको निष्कर्ष निकालिएको छ । यस शोधकार्यको पुनरावलोकनबाट प्रस्तुत शोधकार्यका लागि भाषिक सीपको व्याख्या र विश्लेषण गर्नका साथै अन्य क्षेत्रहरूको समेत सहयोग लिन सकिएको छ ।

घिमिरे (२०६९) द्वारा *कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको छ । यो अध्ययन कक्षा दशका विद्यार्थीहरूको उमेरअनुसार पाठका विधाहरू समावेश गरिनुपर्छ भन्ने उद्देश्य राखिएको छ । पाठ्यक्रमको निर्धारित सबै विधालाई पाठ्यपुस्तकले समेट्न नसकेको, पाठको लम्बाइ बढी भएको, विवादास्पद वाक्यहरू समावेश गरिएको वाक्य गठन लामो भएको सबै पाठहरू स्तरअनुसारको हुन नसकेको तर पहिलेको पाठ्यपुस्तकको तुलनामा यसमा केही स्तरीयता देखिएको, भाषातत्त्वका दृष्टिले समावेश विषयवस्तु सबै उपयुक्त भएको निष्कर्ष निकालेका छन् । प्रस्तुत शोधपत्र गर्न लागिएको शोधपत्रको शीर्षकसँग मेल खाए पनि शोधको उद्देश्यअनुरूप नरहेको देखिन्छ । तैपनि यस शोधको अध्ययनले भाषाको बारेमा ज्ञान दिने भएकाले उपयोगी नै रहेको देखिन्छ ।

ओली (२०७०) द्वारा *स्नातकोत्तर तहका लागि कक्षा छको नेपाली पाठ्यपुस्तक* शीर्षकमा शोधपत्र तयार गरिएको छ । यसमा भाषा पाठ्यपुस्तकको आन्तरिक विशेषताका आधारमा उक्त पाठ्यपुस्तकको विश्लेषण गरेकी छन् । यस अध्ययनमा पाठ्यपुस्तक पाठ्यक्रमअनुरूप बनाउन प्रयास गरिएको, उद्देश्य परिपूर्ति गर्न प्रशस्त अभ्यासहरू राखिएको भए तापनि पाठगत अभ्यास दिँदा विद्यार्थीको कठिनाइ स्तरलाई ख्याल नगरिएको, विधागत सङ्ख्याका दृष्टिकोणबाट कमजोर देखिएको भन्ने निष्कर्ष निकालेकी छन् । यसका साथै कमजोरी पक्ष सुधारका लागि आवश्यक मात्रामा सुझाव समेत दिइएको छ । यस शोधपत्रको अध्ययनबाट पाठ्यपुस्तकका आन्तरिक पक्षको बारेमा व्याख्या तथा विश्लेषण गर्न सहयोग पुगेको छ ।

कँडेल (२०७३) द्वारा *कक्षा पाँचको मेरो नेपाली (२०७३) र स्वागत नेपाली (२०७०) पाठ्यपुस्तक बीचको तुलनात्मक अध्ययन* गरेको पाइन्छ । *मेरो नेपाली* (२०७३) शिक्षणका लागि कुनै निर्देशन र जानकारी नरहेको, चित्रहरू कम भएको गुणस्तरका दृष्टिले दुर्बल रहेको छ भने *स्वागत नेपाली* (२०७०) पाठ्यपुस्तकमा पाठ्यक्रमअनुरूप विषयवस्तुको ज्ञान वृद्धि गर्ने दृष्टिले उपयुक्त देखिएको निष्कर्ष निकालिएको छ । गुणस्तरका दृष्टिबाट *मेरो नेपाली* (२०७३) भन्दा *स्वागत नेपाली* (२०७०) बढी प्रभावकारी रहेको निष्कर्ष निकालिएको

छ । प्रस्तुत शोधपत्रको अध्ययनबाट गर्न लागिएको शोधकार्यका लागि पाठ्यपुस्तकको बारेमा आन्तरिक तथा बाह्य पक्षको बारेमा जानकारी लिई त्यसको व्याख्या तथा विश्लेषण गर्न सहयोगी बनेको छ ।

चालिसे (२०७३) द्वारा *पाठ्यक्रम अनुरूपताको आधारमा कक्षा छको नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन* गरेको पाइन्छ । उनले पाठ्यक्रमको उद्देश्यअनुरूप पाठ्यसामग्री भएको, चित्रको उपयुक्त प्रयोग भएको, भाषामा उपदेश पक्षको बढ्ता महत्त्व दिइएको, शिक्षकलाई निर्देशन दिइएको, पृष्ठको सजावट र बँधाइमा स्तर कम देखिए तापनि भाषाका चारवटा सीप पूरा गर्न पाठ्यपुस्तकमा चारवटै सीपलाई समेट्ने गरी सामग्रीहरू राखिएको निष्कर्ष निकालिएको छ । *कक्षा छको नेपाली* पाठ्यपुस्तकको समग्र पक्षलाई विश्लेषण गर्दा बाह्य पक्षमा केही कमजोरीहरू देखिए पनि आन्तरिक पक्ष मूलतः सबल देखिएको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधकार्यको अध्ययनबाट गर्न लागिएको शोधकार्यका लागि पाठ्यसामग्री, चित्र प्रयोग, भाषा, पृष्ठ सजावट, भाषिक सीप, छपाइ र बँधाइको बारेमा जानकारी लिन सहयोग पुगेको छ ।

क्षेत्री (२०७३) *कक्षा आठको वर्तमान नेपाली पाठ्यपुस्तकको अध्ययन विश्लेषण* शीर्षकको शोधमा सम्पूर्ण पाठ्यपुस्तकको अध्ययन विश्लेषण गर्दै पाठ्यपुस्तक आधुनिक नभएको, विज्ञान र प्रविधिसम्बन्धी विषयवस्तु पाठ्यपुस्तकमा समावेश नगरिएको, अध्यायमा विविधता नपाइएको, पाठ्यपुस्तकको कागज उच्च स्तरको नभएको र पाठ्यपुस्तक सुलभ हुन नसकेको निष्कर्ष निकालेका छन् । पाठ्यपुस्तकमा विज्ञान र प्रविधिसम्बन्धी जानकारी थप्नुपर्ने, कागज उच्च स्तरको हुनुपर्ने पाठ्यपुस्तक सर्वसुलभ हुनुपर्ने सुझाव दिइएको छ । यस शोधको अध्ययनबाट पाठ्यपुस्तक र त्यसका आन्तरिक एवम् बाह्य पक्षको बारेमा यथोचित जानकारी प्राप्त गर्न सहयोग पुगेको छ ।

थपलिया (२०७३) द्वारा *कक्षा आठको हाम्रो नेपाली (२०६४) र नेपाली (२०७२) पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासको तुलनात्मक अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरेको  पाइन्छ, जसमा पाठ्यक्रम अनुरूपताका आधारमा शब्दभण्डार अभ्यास, व्याकरण अभ्यासका साथै भाषिक सीपगत अभ्यासको तुलनात्मक अध्ययन गरी शब्दभण्डारसम्बन्धी अभ्यास पहिलोमा भन्दा दोस्रोमा बढी भएको, व्याकरणसम्बन्धी परिचय र उदाहरण पहिलोको तुलनामा दोस्रोमा स्पष्ट किटान गरिएको, आगमनात्मक विधिद्वारा विद्यार्थीलाई सिकाउन सजिलो भएको देखाइएको छ भने भाषिक सीपगत विभाजनमा दुवैमा लेखाइसँग

सम्बन्धित अभ्यास राखिएको भए पनि पहिलोको तुलनामा दोस्रोमा भाषिक सीप विकासमा बढी जोड दिइएको, शब्दभण्डारगत अभ्यास, व्याकरणगत अभ्यास, भाषिक सीपगत अभ्यास सबैमा दोस्रो स्तरीय भएको निष्कर्ष निकालिएको छ । यस शोधको पुनरावलोकनले यस शोधकार्यमा पाठ्यक्रमको सैद्धान्तिक प्रारूप तयार गर्न, भाषिक तथा व्याकरणगत व्याख्या तथा विश्लेषण गर्न सहयोग पुगेको छ ।

ढकाल (२०७३) द्वारा *कक्षा नौको नेपाली (२०६४) र नेपाली (२०७३) पाठ्यपुस्तकको तुलनात्मक अध्ययन* गरेको पाइन्छ । नेपाली (२०६४) मा छुट्टाछुट्टै अभ्यास नरहेको, चित्रहरू कम भएको, गुणस्तरका दृष्टिकोणले दुर्बल रहेको, *नेपाली* (२०७३) पाठ्यपुस्तकमा पाठ्यक्रमअनुरूप विषयवस्तुको ज्ञान वृद्धि गर्ने दृष्टिले उपयुक्त देखिएको निष्कर्ष निकालिएको छ । *कक्षा नौको नेपाली* (२०६४) र *नेपाली* (२०७३) गुणस्तरका दृष्टिबाट छपाइ र बँधाइका साथै कागजको गुणस्तर पनि कमजोर रहेको निष्कर्ष निकालिएको छ । यस पूर्वकार्यको अध्ययनले *कक्षा एघारको नेपाली* (२०७७) को पाठ्यपुस्तकमा प्रयोग भएको कागजको स्तर, स्वरूप तथा बनोट एवम् विषयवस्तुका बारेमा जानकारी लिने महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ ।

## अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकन कार्यको अनुप्रयोग

प्रस्तुत शोधकार्यमा अनुसन्धानकर्ताले अनुसन्धान गर्न लागेको विषय वा क्षेत्रमा केकति कार्यहरू भएका छन् तिनको खोज एवम् अध्ययन गर्नाले शोधकार्यमा फाइदा पुग्ने देखिन्छ । अध्येताले आफूले गर्न लागेको पाठ्यपुस्तकको विषयसँग सम्बन्धित सबै कार्यलाई अध्ययन गर्न अनिवार्य हुन्छ । तहगत र कक्षागत नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकसँग सम्बन्धित पूर्वकार्यको अनुप्रयोगले अनुसन्धानकर्तालाई मार्गनिर्देशन प्रदान गर्नेछ । त्यसैले यसलाई खोजकार्यको पूर्वयोजना एवम् निर्देशिका हो पनि भन्न सकिन्छ । पूर्व अध्ययनका अध्येता स्वयम्का लागि पथप्रदर्शनको काम गरी अनुसन्धान गर्न सरल र सहज बनाउने छ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ । यस शोधकार्यका लागि गरिएका पूर्व अध्ययनहरू आधारस्तम्भका रूपमा रहेका छन् । प्रस्तुत अध्ययन अनुसन्धानमा आइपर्ने समस्याको विशिष्टीकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न प्राक्कल्पना निर्माण गर्न पुनरावृत्ति हुनबाट बचाइ अनुसन्धानलाई अपेक्षित गन्तव्यमा पुऱ्याउन पूर्वकार्यको अध्ययनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । त्यसैगरी अनुसन्धानका क्रममा हुन सक्ने त्रुटिहरू कम गर्न विभिन्न

विधि तथा प्रविधि अपनाएर समस्याको समाधानको बाटो पत्ता लगाउन सकिने छ । त्यसैले प्रस्तुत कार्यको अध्ययनले अध्यतालाई र शोधपत्रका लागि महत्त्वपूर्ण भूमिका खेल्ने छ ।

उपयुक्त सर्वेक्षणबाट तहगत र कक्षागत नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकसम्बन्धी प्रशस्त अध्ययन विश्लेषण भएको देखिन्छन् । विभिन्न समयमा भएका अध्ययन अनुसन्धानले निश्चित तह र कक्षाका पाठ्यपुस्तकसम्बन्धी तथ्यलाई विश्लेषण गरी आवश्यक जानकारी प्रदान गरेका छन् । यसै सन्दर्भमा कक्षा एघारको भाषा पाठ्यपुस्तकमा समावेश भएका विभिन्न विधा र अभ्यासका बारेमा प्रकाशित र अप्रकाशित रूपमा अध्ययन विश्लेषण भए तापनि २०७७ देखि नै परिमार्जित भई प्रकाशन भएकाले *कक्षा एघारको नेपाली* भाषा पाठ्यपुस्तकीय गुण तथा पाठ्यपुस्तक र शिक्षण कार्यकलापबीचको सम्बन्धका साथै निराकरणको लागि सुझाव समेत उद्देश्य राखी यस शोधपत्रमा विश्लेषण गरिएको छ । यसका साथै पूर्वकार्यको पुनरावलोकनको अनुप्रयोगले शोधार्थीलाई आफ्नो शोधमा गर्नुपर्ने आवश्यक कार्यलाई कसरी निश्चित गन्तव्यमा पुऱ्याउन सकिन्छ भनेर पत्ता लगाउन सहयोग पुऱ्याउँदछ ।

## भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकको सैद्धान्तिक परिचय

भाषा पाठ्यपुस्तक र भाषा पाठ्यक्रमको सम्बन्ध कुनै पनि पाठ्यपुस्तक सम्बन्धित विषयका पाठ्यक्रमअनुरूप तयार गरिएका हुन्छन् । भाषा पाठ्यपुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषा, पाठ्यक्रमअनुरूप तयार गरिन्छ । यो भाषा शिक्षण सिकाइको महत्त्वपूर्ण र आधिकारिक सामग्री हो । यसको सहयोगले विद्यार्थीहरू सम्बन्धित तह र कक्षाको भाषा पाठ्यपुस्तकअनुरूपका भाषिक अपेक्षाहरू हासिल गर्छन् । भाषा पाठ्यक्रमको उद्देश्य पूरा गर्न केके, कति पढ्ने र कस्ता अभ्यास गरेर कुन अनुक्रममा पढ्ने भन्ने कुराहरूलाई आत्मसात् गरी भाषा पाठ्यपुस्तक तयार गरिएको हुन्छ । भाषा पाठ्यपुस्तक पाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्यावहारिक कार्यकलाप वा प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्न सहयोग पुऱ्याएको हुन्छ ।

### भाषा पाठ्यपुस्तकको परिचय

सिकाइको बृहत् योजना नै पाठ्यक्रम हो । कुनै पनि तह वा कक्षाका लागि भाषिक उद्देश्यहरू पूरा गर्न तयार पारिएको सामग्रीलाई भाषा पाठ्यपुस्तक भनिन्छ । भाषा पाठ्यक्रमको मर्म र भावनाअनुसार पाठ्यपुस्तक तयार गरिन्छ । यिनलाई भाषा र शिक्षणका

लागि महत्त्वपूर्ण, आधिकारिक सामग्री मानिन्छ । अधिकारी (२०७३) ले "भाषा पाठ्यपुस्तकमा विषयगत र विधागत विविधता हुनुका साथै सहित्यिक र साहित्यतर दुवै प्रकारका सामग्रीहरूको संयोजन गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकमा प्रयुक्तविषयवस्तु साधन हो भने सीप प्राप्त गर्नु भनेको साध्य हो" (पृ. ५७) भन्दै पाठ्यपुस्तकको बारेमा आफ्नो धारणा व्यक्त गरेका छन् । यसैगरी शर्मा र पौडेल (२०६०) ले "भाषा पाठ्यक्रमले तय गरेका भाषिक विषयवस्तुको क्षेत्र र क्रमको दायराभित्र रही शिक्षण सिकाइका निम्ति उपयुक्त हुने गरी भाषिक सामग्रीको विस्तृत सङ्कलन र सङ्गठन पाठ्यपुस्तकमा गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकको सहयोगले नै शिक्षकले आवश्यकीय शिक्षण योजना र निश्चित प्रक्रिया बनाई शिक्षण गर्न सक्छन भने स्वाध्यन गर्ने विद्यार्थीलाई पनि मार्गदर्शन प्राप्त हुन्छ" (पृ. : २६) भनेका छन् । यसरी नै भाषा पाठ्यपुस्तकको बारेमा ढुङ्गाना (२०६५) ले "भाषा पाठ्यपुस्तक मूलतः भाषा शिक्षण सिकाइका निम्ति तयार पारिएको हुन्छ । भाषा पाठ्यक्रमका उद्देश्य परिपूर्तिमा सघाउ पुऱ्याउने दृष्टिले भाषा पाठ्यपुस्तक विकास गरिएको हुन्छ" (पृ. २८८) भनी तर्क अघि सारेका छन् । यी भनाइहरूबाट के बुझ्न सकिन्छ भने भाषा पाठ्यक्रम भाषा शिक्षण सिकाइको सैद्धान्तिक दस्तावेज हो भने भाषा पाठ्यपुस्तक पाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्यावहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्न सहयोग पुऱ्याउने महत्त्वपूर्ण एवम् प्रभावकारी र भरपर्दो सामग्री हो ।

यसैगरी अधिकारी र शर्मा (२०६३) ले "योजनाबद्ध र प्रभावकारी शिक्षण गर्न स्तरयुक्त र आवश्यकीय भाषिक सीप विकास गर्न, शब्दभण्डारगत तथा संरचनात्मक क्षमताको विकासमा भाषा पाठ्यपुस्तकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । त्यसै गरी भाषिक शैली सौन्दर्य बढाउन, सिर्जनशील बन्न, व्यक्तित्वको विकासका निम्ति निरन्तर भाषिक अभ्यास, परीक्षण र मूल्याङ्कनमा सहयोगजस्ता कुराहरूको मापदण्डको आधार नै भाषा पाठ्यपुस्तक हो" (पृ. ६५) भनेका छन् । पौडेल (२०७३) ले भाषा पाठ्यपुस्तकको बारेमा आफ्नो धारणा निम्नानुसार व्यक्त गरेका छन् :

> विद्यालय तथा महाविद्यालयहरूमा पठनपाठनका क्रममा प्रयोग हुने पाठ्यपुस्तकले शिक्षकलाई योजनाबद्ध ढङ्गले शिक्षण गर्न मद्दत गर्दछ भने विद्यार्थीहरूलाई अभ्यासमा सरिक हुन, उद्देश्यअनुरूपका उपलब्धिहरू प्रभावकारी ढङ्गले हासिल गर्न सहयोग पुऱ्याउने कार्य पाठ्यपुस्तकले गर्दछ त्यसकारण यो शिक्षक तथा विद्यार्थीका लागि शिक्षण सिकाइ कार्यकलापमा मद्दत गर्ने उपयोगी साधन हो । (पृ. १३८)

यी माथिका भनाइहरूबाट पाठ्यपुस्तकले स्तरयुक्त र आवश्यक पर्ने भाषिक सीप प्रदान गर्न, योजनाबद्ध ढङ्गले शिक्षण गर्न, विद्यार्थीहरूलाई निरन्तर अभ्यासमा सरिक हुन सहयोग पुऱ्याउँछ भन्न सकिन्छ । निष्कर्षमा भाषा पाठ्यपुस्तक भन्नाले भाषा पाठ्यपुस्तक शिक्षण सिकाइको कार्यक्रमिक योजनालाई व्यवहारिकता दिने साधन र माध्यम हो र यस्ता पाठ्यपुस्तक हरेक कक्षाको फरक-फरक हुने गर्दछ भन्न सकिन्छ ।

**पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध**

पाठ्यक्रममा उद्देश्य पूर्ति गर्न चाहिने सामग्री वा साधनमध्ये महत्त्वपूर्ण साधन पाठ्यपुस्तक हो । पाठ्यक्रमबाट शिक्षकले विद्यार्थीलाई कुन कक्षामा के सिकाउने, कति सिकाउने, किन सिकाउने आदि कुराको उत्तर दिन्छ भने पाठ्यक्रमले तोकेको के र कति सिकाउने भन्ने विषयको विस्तृत सङ्कलन पाठ्यपुस्तकमा गरिएको हुन्छ । *बृहत् नेपाली शब्दकोश* (२०५५) मा पाठ्यपुस्तकको बारेमा “विद्यालय एवम् विद्यार्थीपीठहरूमा औपचारिक तवरले पढाइने पुस्तकलाई पाठ्यपुस्तक भनिन्छ” (पृ. ८५४) भनिएको छ । यसर्थ कुनै पनि कार्य सफल पार्न वा उद्देश्य प्राप्त गर्न योजना बनाई कार्यान्वयन गरिनुपर्छ । योजनामा नै कार्यको सफलता वा असफलता निहित हुन्छ भन्न सकिन्छ ।

ढुङ्गेल र दाहाल (२०७३) ले पाठ्यक्रम र पाठ्यपुस्तकका बारेमा आफ्नो धारणा निम्नानुसार व्यक्त गरेका छन् :

> शिक्षक, सिकारु, शिक्षण गर्ने उपयुक्त स्थान, भवन, फर्निचर तथा विभिन्न पाठ्यसामग्रीहरूको संयुक्त प्रयासबाट पाठ्यक्रमका मर्म र अपेक्षाहरूलाई पूरा गर्न सकिन्छ । पाठ्यक्रमले निर्देशित गरेको उद्देश्य, तय गरेका विषयवस्तु वा पाठ्यबस्तु, सूचित गरेका शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया तथा व्यवस्थित गरिएका अन्य विविध कुराहरूको सीमाभित्र बाँधिएर उपयुक्त एवम् स्तरयुक्त पाठ्यसामग्रीलाई सङ्गठित, व्यवस्थित एवम् सुसिक्य हुने गरी निर्धारण, क्रमाङ्कन, व्याख्यान तथा अभ्यास कार्यहरू प्रस्तुत गर्ने सबभन्दा भरपर्दो र आधिकारिक सामग्रीलाई पाठ्यपुस्तक भनिन्छ । (पृ. ७६) ।

माथिका भनाइहरूलाई हेर्दा पाठ्यक्रमकै पूरक विकल्पका रूपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ ।

पाठ्यक्रम सम्पूर्ण शैक्षिक क्रियाकलापको योजना हो । यसले एउटा निश्चित अवधिभित्र सिकारूहरूमा विकसित हुनुपर्ने आवश्यक ज्ञान, सीप तथा प्रवृति विश्लेषण गरी ती कुराहरू कसरी र कुन रूपमा उनीहरू समक्ष पुऱ्याउने भन्ने कुरा प्रस्तुत गरेको हुन्छ । पौडेल (२०७३) ले “पाठ्यक्रम पठनपाठन प्रक्रियाको एउटा क्रमबद्ध व्यवस्था हो, जसको माध्यमबाट शिक्षाका राष्ट्रिय र तहगत उद्देश्यहरू हासिल गर्ने प्रयास गरिन्छ । पाठ्यक्रममा पाठ्यवस्तु त्यसको शिक्षण विधि, प्रयोग गरिनुपर्ने अन्य शैक्षिक सामग्री र मूल्याङ्कन विधि समेत समेटिएको हुन्छ” (पृ. ५) भनी आफ्नो भनाइ प्रस्तुत गरेका छन् । यसैगरी राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९) ले “पाठ्यपुस्तक सम्बन्धित पाठ्यक्रमका उद्देश्य र पाठ्यवस्तुका सीमाभित्र बाँधिएका हुन्छन् साथै गहन अध्ययन र अभ्यासात्मक कार्यकलाप गर्न सजिलो हुने गरी तयार गरिएको हुन्छ । विद्यार्थीहरूलाई पाठ्यक्रमको उद्देश्यअनुसार पढ्न र अभ्यास गर्न तथा शिक्षकलाई उद्देश्यअनुसार योजनाबद्ध ढङ्गले शिक्षण गर्न, अभ्यास गराउन मद्दत पुऱ्याउने शिक्षण सिकाइको अपरिहार्य आधार सामग्री नै पाठ्यपुस्तक हो” भनिएको छ । पौडेल (२०७३) ले “पाठ्यक्रम र पाठ्यपुस्तकको आपसी सम्बन्ध अन्योन्याश्रित हुन्छ” (पृ. ८५) भनेका छन् । माथिका उद्धरणहरूबाट के बुझ्न सकिन्छ भने पाठ्यपुस्तकले नै पाठ्यक्रमको उद्देश्य पूर्ति गर्न र विद्यार्थीलाई के, कति र किन सिकाउने भन्ने कुराको जानकारी गराउँदछ र यसैको सहायताले पढ्न, अभ्यास गर्न तथा शिक्षण गर्न सहयोग गर्ने अपरिहार्य सामग्री हो भन्न सकिन्छ ।

**भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकको सम्बन्ध**

पाठ्यक्रम सम्बन्धित तहको शैक्षिक कार्यकलापको योजना हो, जसमा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, विषयवस्तुको छनोट, शिक्षण व्यवस्थापन, विषयवस्तुको क्रम, क्षेत्र आदि निर्देशित गरिएको हुन्छ । पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएका शैक्षिक कार्यक्रम हो । रा.शि.प.यो. (२०२८) ले “शिक्षण सिकाइ क्रियाकलाप उपयुक्त ढङ्गले सञ्चालन गरी निर्दिष्ट लक्ष्य प्राप्त गर्न, शिक्षण प्रक्रियालाई सही बाटोमा डोऱ्याउने मार्गदर्शकको कार्य पाठ्यक्रमले नै गर्दछ” भनी पाठ्यक्रमको बारेमा व्याख्या गरेको छ । यसैले पाठ्यक्रम शिक्षण प्रक्रियाको अभिन्न अङ्ग हो । पाठ्यक्रमको उद्देश्य पूर्ति गर्न आवश्यक पर्ने विभिन्न सामग्रीहरूमध्ये एउटा महत्त्वपूर्ण सामग्री पाठ्यपुस्तक पनि हो । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यको पूर्ति गर्न क्रमबद्ध रूपमा प्रस्तुत हुने सामग्रीको भूमिका पाठ्यपुस्तकले निर्वाह गर्दछ भनेर बुझ्न सकिन्छ । अधिकारी र शर्मा (२०६३) ले

"भाषा पाठ्यक्रम भाषा शिक्षण सिकाइको सैद्धान्तिक दस्तावेज हो भने भाषा पाठ्यपुस्तक पाठ्क्रमका सैद्धान्तिक कुराहरूलाई व्यावहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्न सहयोग पुऱ्याउने महत्त्वपूर्ण एवम् प्रभावकारी र भरपर्दो सामग्री हो" (पृ. ६५) भनेका छन् । ढुङ्गेल र दाहाल (२०६३) ले "पाठ्यक्रमले निर्देशित गरेको शिक्षण र मूल्याङ्कन प्रक्रिया तथा व्यवस्थित गरिएका अन्य विविध कुराहरूको सीमाभित्र बाँधिएर उपयुक्त र स्तरयुक्त पाठ्यसामग्रीलाई सङ्गठित तथा व्यवस्थित हुने गरी निर्धारण, क्रमाङ्कन, व्याख्यान तथा अभ्यास कार्यहरू गर्ने सबभन्दा भरपर्दो र आधिकारिक सामग्रीलाई पाठ्यपुस्तक भनिन्छ" (पृ. ७६) । भनेका छन् । यी उद्धरणहरूबाट पाठ्यक्रमले शिक्षण प्रक्रियालाई सही बाटोमा डोऱ्याउने मार्गदर्शक हो र यसको उद्देश्य पूर्ति गर्ने आवश्यक सामग्री पाठ्यपुस्तक हो र यसले शिक्षण सिकाइको एक प्रमुख साधन हो भनेर बुझ्न सकिन्छ ।

पाठ्यक्रमद्वारा निर्दिष्ट गरिएका कुराहरू प्रस्ट्याउने काम पनि पाठ्यपुस्तकले गर्दछ । भाषा पाठ्यपुस्तक एउटा अति महत्त्वपूर्ण कुरा हो किनभने यसको उपयोग जति औपचारिक शिक्षण सिकाइमा गरिन्छ त्यत्तिकै अनौपचारिक शिक्षण सिकाइमा पनि गरिन्छ । यो अन्य शिक्षण सिकाइका स्रोतहरूभन्दा निकै सस्तो र बहुसङ्ख्यक विद्यार्थी र शिक्षकका लागि पनि सुलभ स्रोतसामग्री हो । अधिकारी (२०६५) ले "पाठ्यपुस्तक पाठ्क्रममा निर्दिष्ट गरिएका विषयवस्तु र शिक्षण क्रियाकलापमा आधारित भई तयार पारिएको हुन्छ । पाठ्यपुस्तक बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री र वातावरणमैत्री हुनुपर्छ । विद्यार्थीको विविध चाहनाको परिपूर्ति र बालकेन्द्रित सिकाइलाई पाठ्यपुस्तकले प्रवर्द्धन गर्नुपर्ने हुन्छ" (पृ. १८२) भनेका छन् । यसबाट के बुझ्न सकिन्छ भने पाठ्यक्रमलाई स्तरअनुसार विकास गर्नका लागि निर्माण गरिने कार्यक्रम नै पाठ्यपुस्तक हो र यसको प्रकृति स्तरअनुसार फरकफरक हुन्छ ।

कुनै पनि तह वा कक्षाका लागि भाषा शिक्षण गर्न र लक्षित भाषाका सिप र समझहरू स्तर अनुकूल विकास गर्नका लागि निर्माण गरिने मार्गदर्शक हो । यस कुरालाई स्पष्ट पार्दै पौडेल (२०७३) ले "पाठ्यपुस्तकमा भाषिक प्रयोजनका विषयवस्तु राखिएका हुन्छन् भने अन्य विषयका पाठ्यपुस्तकमा वैयक्तिक प्रयोजनअनुरूपका विषयवस्तु राखिएका हुन्छन्" (पृ. ६) भनेका छन् । यस उद्धरणबाट कुनै पनि पाठ्यपुस्तकमा भाषिक प्रयोजन र वैयक्तिक प्रयोजनअनुसारका आधारमा विषयवस्तुहरू राखिएका हुन्छन् भन्ने कुरा जान्न सकिन्छ ।

**पाठ्यक्रमअनुरूपताका आधारमा भाषा पाठ्यपुस्तकको विश्लेषण**

भाषा पाठ्यपुस्तक स्तरअनुरूप भाषा पाठ्यक्रमअनुरूप तयार पारिएको पाठ्यपुस्तक हो । यो भाषा शिक्षण सिकाइको एक प्रमुख सामग्री हो । भाषा पाठ्यपुस्तककै सहयोगले शिक्षकले स्तरअनुसार शिक्षण योजना बनाउँदै निश्चित प्रक्रिया अपनाएर शिक्षण गर्न सक्छन् भने स्वाध्ययन गर्ने विद्यार्थीको लागि पनि मार्गदर्शन गर्ने सामग्री बन्दछ । भाषा पाठ्यपुस्तकलाई लिखित रूपमा रहेको भाषा शिक्षक वा भाषा पाठ्यक्रमकै पूरक विकल्पका रूपमा लिइन्छ, नेपाली भाषा पाठ्यपुस्तकको प्रत्येक पाठको अन्त्यमा बालबालिहरूको भाषिक सीप विकास गर्न मद्दत पुऱ्याउने खालका अभ्यासहरू दिइनुपर्छ । ती अभ्यासहरू भाषाका चार सीपहरूको विकास गर्न मद्दत पुऱ्याइएको पाइन्छ । त्यसैगरी 'शिक्षकले भनेको सुन र तिमी पनि भन' जस्ता अभ्यासले सुनाइ, बोलाइ, सीपको विकास गर्न मद्दत पुऱ्याइएको देखिन्छ । प्रश्नोत्तरसम्बन्धी अभ्यासहरूले पठनबोध तथा लेखनसम्बन्धी उद्देश्यको विकास गरेको पाइन्छ । त्यस्तै खाली ठाउँ भर्ने अभ्यासहरू उपयुक्त शब्द चयन तथा लिङ्ग, वचन, पुरूष, काल आदिको सङ्गति मिलाउनु पर्ने हुनाले कार्यमूलक व्याकरणको उद्देश्य पूर्ति गर्न सहयोग पुऱ्याइएको पाइन्छ । शुद्ध लेख्ने अभ्यासले भाषिक शुद्धतामा जोड दिएको पाइन्छ । त्यस्तै पढ र लेख भनी दिइएका अभ्यासहरू पढाइ र लेखाइ दुवै सीप विकास गराउन सहयोगी देखिन्छन् ।

**भाषा पाठ्यपुस्तकमा प्रयुक्त विधा**

भाषा पाठ्यपुस्तक अध्ययनको आधार विधा पनि हो । नेपाली विषयको शिक्षण भनेको भाषिक सीपको शिक्षण हो । भाषा पाठ्यपुस्तकका माध्यमबाट भाषिक सीपहरूको अभिवृद्धि गर्नुका साथै विषयवस्तुको ज्ञान पनि दिनुपर्ने भएकाले यसका विधाहरूको छनोट विषयमा विशेष ध्यान पुऱ्याउनु आवश्यक हुन्छ ।। पाठ्यपुस्तकमा कथा, कविता, निबन्ध, जीवनी, चिठी, रूपक, भाषातत्त्व (व्याकरण) शब्दभण्डार आदि विविध विधाहरू छनोट गर्नुपर्दछ । भाषा पाठ्यपुस्तकमा समावेश भएका विधाहरूले सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको अभ्यासका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन् तिनै विधाहरूको पठनबाट वा अभ्यासबाट भाषिक सीपहरूको विकासमा सहयोग पुग्दछ । ढुङ्गेल र दाहाल (२०६३) का अनुसार "भाषा यसरी भाषिक सीपको विकासका दृष्टिले अथवा विधागत स्वरूपको जानकारीका दृष्टिले सबै विधाहरू उपयोगी छन् । भाषिक सीपका विकासका लागि विभिन्न विषयवस्तु भएका विभिन्न विधाहरूको उपयोगलाई प्रभावकारी मानिन्छ । त्यसैले भाषा

पाठ्यपुस्तकमा राखिएका विभिन्न विधाहरूको उपयोगिता सिद्ध हुन्छ" (पृ. ७७) भनेका छन् । यसबाट भाषिक सीपको विकासका लागि विभिन्न विषयवस्तु भएका विधाहरू प्रभावकारी हुन्छ र भाषा पाठ्यपुस्तकका यस्ता विविध विधाहरूको उपयोगिता प्रभावकारी हुन्छ भन्ने कुरा स्वतः स्पष्ट हुन जान्छ ।

**भाषिक सीपका आधारमा भाषापाठ्यपुस्तक**

कुनै पनि भाषालाई जान्न, बुझ्न र प्रस्तुत गर्नका लागि भाषिक सीपको आवश्यकता हुन्छ । भाषिक सीपको बारेमा पौड्याल (२०७३) ले आफ्नो धारणा निम्नानुसार व्यक्त गरेका छन् :

> सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई भाषाका आधारभूत सीपका रूपमा लिइन्छ, लेखाइ र भनाइका क्रममा 'पढाइ' तेस्रो क्रममा पर्छ । लेख्य भाषिक सीपका क्रममा पढाइलाई पहिले गणना गरिन्छ र त्यसपछि लेखाइलाई लिइन्छ, कथ्य सीपका सन्दर्भमा प्रायः पढाइको कुरा गरिँदैन । यसै गरी लिने (आदानात्मक) र दिने (प्रदानात्मक) सीपका सन्दर्भमा पढाइलाई आदानात्मक सीपका रूपमा बढी चर्चा गरिन्छ । खासमा पढाइलाई यस रूपमा मात्र लिनु भनेको यसको महत्त्व, क्षेत्र र गरिमा खुम्च्याउनु हो । पठन सीपलाई आदानात्मक सीपको रूपमा मात्र व्याख्या गर्दा पढाइको अर्थ र परिभाषा साँगुरो र सीमित हुन्छ । (पृ. ७)

यस कथनबाट बुझ्न सकिन्छ कि भाषिक सीप भनेको लेख्य र कथ्य रूपमा हुन्छ । लेख्य सीपअन्तर्गत पढाइलाई लिइन्छ भने कथ्य सीपअन्तर्गत लेखाइलाई लिइन्छ, भाषा पाठ्यपुस्तकले भाषिक सीपमा दक्ष बनाउने उद्देश्य लिइएको हुन्छ । भाषा पाठ्यपुस्तक भाषिक सीपमा दक्ष बनाउने उद्देश्य परिपूर्ति गर्ने किसिमका विषयवस्तु समावेश गरी निर्माण भएको हुनुपर्दछ । भाषिक सीप विकास गर्ने किसिमका पाठ्यपुस्तक तयार भएको छ वा छैन भनी निम्नानुसार व्याख्या गरिएको छ :

**सुनाइ र बोलाइ :** सुनाइ भाषाका चार सीपमध्ये प्रारम्भिक भाषिक सीप हो । भाषा सिकाइ सुनाइबाट नै प्रारम्भ हुन्छ । सुनाइ ग्रहणात्मक वा आदानात्मक सीप हो । यो मौखिक सीपअर्न्तगत पर्दछ । भाषा सिकाइमा सुनाइ सीप राम्रोसँग विकास भएमा मात्र अन्य भाषिक सीपहरू विकासमा सहयोग पुग्दछ ।

बोलाइ भाषिक सीपको सुनाइपछि विकास हुने भाषिक सीप हो । बोलाइ सीप भाषाको अभिव्यक्ति वा प्रदानात्मक सीप हो । बोलाइ मौखिक सीपअन्तर्गत पर्ने महत्त्वपूर्ण भाषिक सीप हो । सुनाइ सीपको राम्रो विकास भएमा मात्र बोलाइ सीपको राम्रो विकास हुने र बोलाइ सीपको राम्रो विकास भएमा त्यसभन्दा उत्तरवर्ती भाषिक सीपहरूको उचित विकास हुन्छ ।

**पढाइ :** कुनै पनि अक्षर, शब्द वा वाक्यलाई अध्ययन गरिनु नै पढाइ हो । पढ्नु पनि भाषिक सीपको एक अङ्ग हो । पढाइको बारेमा *नेपाली बृहत् शब्दकोश* (२०६७) ले पढाइको बारेमा "पढ्ने भाव, क्रिया वा पढ्नु, शिक्षा लिनु" (पृ. ७४८) भनेको छ । समूह भाषाका चार सीपमध्ये उत्तरवर्ती सीपअन्तर्गत पर्ने महत्त्वपूर्ण सीप पढाइ सीप हो । पढाइ ग्रहणात्मक वा आदानात्मक सीप हो । पढाइ लिप्यात्मक सीपअन्तर्गत पर्दछ । सुनाइ र बोलाइ सीपभन्दा जटिल सीपको रूपमा पढाइ सीप पर्दछ । पढाइ सस्वर र मौन पढाइ गरी दुई प्रकारका हुन्छन् । सस्वर पढाइ भाषा सिकाइको प्रारम्भिक कक्षाहरूमा बढी प्रयोगमा आउने पढाइ हो । ढुङ्गेल र दाहाल (२०६३) का अनुसार "उच्चारण, हाउभाउ, गति, यति, लय र बोधसमेतको आवश्यकता पर्दछ । मौन पढाइ मनमनै र छिटो पढ्ने क्षमतासँग सम्बन्धित हुन्छ, जसमा बोध अपरिहार्य मानिन्छ । यो भाषा सिकाइको पछिल्ला कक्षामा बढी प्रयोग गरिने पढाइ हो (पृ. ७६) ।" माथिका भनाइबाट पढाइ ग्रहणात्मक वा आदानात्मक (लिने) सीप हो र यो सस्वर र मौन गरी दुई प्रकारका हुन्छन् भनेर जान्न सकिन्छ ।

**लेखाइ :** दिमागमा उब्जेका विचार ध्वनि प्रतीकद्वारा प्रस्तुत हुन्छन् । यसका लागि श्रोताको आवश्यकता हुन्छ । श्रोताको अनुपस्थितिमा वक्ताले आफ्नो विचार व्यक्त गर्न सक्दैन तर विचारलाई ध्वनि प्रतीकद्वारा प्रकट नगरी लेख्य चिन्हद्वारा प्रस्तुत गर्दछ । सबै परिस्थितिमा श्रोताले विचार ग्रहण गर्ने अनुकूल अवसर पाउँदैनन् भने वक्तालाई पनि आफूले देखेर, जानेर, सुनेर, बुझ्रे, पढेर र अनुभव गरेका कुरा भन्ने अनुकूलता हुँदैन । यस्ता अवस्थामा लेखाइ अनिवार्य आधार बन्दछ । लेखाइलाई अभिव्यक्ति पक्षको रूपमा पनि चिनिन्छ ।

**विधाको क्षेत्र, क्रम र पाठहरू**

भाषा पाठ्यपुस्तकमा राखिने विधागत पाठहरू पाठ्यक्रमले निर्धारण गरेबमोजिम हुनु आवश्यक हुन्छ । भाषा पाठ्यक्रममा कुनकुन विधा र क्षेत्रका पाठहरू समावेश गर्नुपर्दछ

भनी निश्चित क्षेत्र र विधाहरू तोकिएको हुन्छ । भाषा सिकाइमा सिकारुमा भाषाका चारै सीपको उचित तरिकाले विकास गर्न विद्यार्थीको रुचि, आवश्यकता र क्षमताअनुसारको विधा तथा पाठहरू निर्धारण गर्नुपर्दछ । निर्धारण गरिएका विधाका क्षेत्रअनुसारका पाठ्यक्रमलाई निश्चित क्रममा राख्नु पनि महत्त्वपूर्ण मानिन्छ, जसले विद्यार्थीको भाषा सिकाइमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ ।

**भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषणका आधारहरू**

भाषा पाठ्यपुस्तक अध्ययन विभिन्न आधारमा गर्न सकिन्छ । भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषणका मुख्य आधारहरू दुई प्रकारका हुन्छन् जसलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

**बाह्य आधार :** भाषा पाठ्यपुस्तकका बाह्य विशेषताहरूलाई परिधीय वा भौतिक विशेषता पनि भनिन्छ । यसभित्र पाठ्यपुस्तकका बाह्य स्वरूप तथा बनोट, अक्षराकार र ठाउँ छोडाइ, छपाइ र बँधाइ, कागजको स्तर मूल्य, सुलभता तथा अन्य कतिपय बाह्य प्रबन्धका तत्त्वहरू पर्दछन् । पाठ्यपुस्तकका गुण वा विशेषतामध्ये त्यति महत्त्व नभए पनि बाह्य विशेषताले पनि पाठ्यपुस्तकलाई प्रभावित पार्ने देखिन्छ । पाठ्यपुस्तकहरूमध्ये शिक्षार्थीको ध्यान आकृष्ट गरी पढूँपढूँ लाग्ने, उत्सुकता वा उत्प्रेरणा जगाउने कार्यमा यसको भूमिका महत्त्वपूर्ण हुन्छ । झट्ट हेर्दा भाषा पाठ्यपुस्तक कस्तो हुनुपर्ने, त्यसको आकार, प्रकार तथा विविध प्राविधिक पक्षहरू केकस्ता हुनुपर्ने भन्ने कुरा नै यसको बाह्य वा परिधीय विशेषता हो । आन्तरिक विशेषताजस्तो महत्त्वपूर्ण नभए पनि आकर्षण, मजबुत र प्राविधिक दृष्टिले प्रभावकारी भएमा आन्तरिक उपयोगिताहरूको विविध पक्षमा प्रभावकारी सहयोग पुग्दछ । भाषा पाठ्यपुस्तक अन्य पाठ्यपुस्तकभन्दा अलग, बलियो, आकर्षक, सुलभ, सुपथ, छपाइ र बँधाइ आदिका दृष्टिले बलियो हुनुपर्दछ । यी सबै पक्षहरूलाई निम्नानुसार चर्चा गरिन्छ :

***स्वरूप/बनोट :*** पाठ्यपुस्तकको बनाइ वा बनोट आकर्षक आवरण, आकार र प्रकारलाई मानिन्छ । कम्तिमा एक शैक्षिक सत्रसम्म टिकाउ होस् भन्ने दृष्टिले बाक्लो र बलियो कागजको आवरण पृष्ठ हुनु जरुरी हुन्छ । बाह्य आवरण हेर्ने बित्तिकै विद्यार्थीहरूलाई पढ्न मन लाग्ने खालको भएमा राम्रो मानिन्छ । बाह्य आवरणमा भाषाको पाठ्यपुस्तक जनाउने खालको चित्र र दृश्यावलीहरूको आकर्षक

प्रयोग भएमा झन् राम्रो मानिन्छ । असम्बन्धित चित्र र दृश्यावली तथा अनाकर्षक रङ्गको भाषा पाठ्यपुस्तकले विद्यार्थीको मनलाई आकर्षित गर्न सक्दैन । बाह्य आवरणको कागज पातलो भएमा झट्टै च्यातिने र खुम्चिने स्थिति हुन्छ यसर्थ बलियो र दह्रो कागजको आवरण उपयुक्त हुन्छ । पानी पत्रले मोडी आवरणलाई प्रस्तुत गरेमा मैलिने, भिज्ने र रुझ्ने कुराबाट पनि जोगाउन सकिन्छ । अन्य पुस्तकभन्दा पाठ्यपुस्तकको आकार अपेक्षाकृत ठुलो हुनु राम्रो मानिन्छ । माथिल्लो तहका विद्यार्थीहरूका लागि डिमाइ (२२ x १४ से.मी.) आकारका पाठ्यपुस्तक उपयुक्त मानिन्छ । विद्यार्थी स्तरअनुसार र पाठ्यपुस्तकको मर्म बोक्ने हुनुपर्दछ ।

***अक्षराकार र ठाउँ छोडाइ :*** भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषणको प्रमुख आधारमा अक्षरकार र ठाउँ छोडाइ पनि हो । भाषा पाठ्यपुस्तकमा प्रयुक्त अक्षरको आकार र ठाउँ छोडाइ कक्षाअनुसार फरकफरक हुन्छन् । तल्ला कक्षामा ठूला र जति माथिल्ला कक्षा बढ्दै जान्छ अक्षरको आकार केही साना हुनु आवश्यक हुन्छ । पाठशीर्षक ठूला अक्षरमा, उपशीर्षक केही साना अक्षरमा र अन्य अक्षरहरू सोभन्दा साना हुनु उपयुक्त मानिन्छ ।

भाषा पाठ्यपुस्तकमा पङ्क्तिबीचको अन्तराल, अनुच्छेदबीचको अन्तराल र दायाँ, बायाँ, तल, माथिको ठाउँ छोडाइ पनि उपयुक्त हुनु आवश्यक मानिन्छ । भाषा पाठ्यपुस्तकमा हुने पङ्क्तिबीचको अन्तर सामान्यतया सुरूको कक्षामा आधा इन्च र अन्य कक्षाहरूमा दुई इन्च हुनु आवश्यक देखिन्छ । कागजको तल एक र माथि डेढ इन्च छाड्नु पर्छ ।

***छपाइ र बँधाइ :*** भाषा पाठ्यपुस्तकको बाह्य आधार विश्लेषणको प्रमुख आधार छपाइ र बँधाइ पनि हो । भाषा पाठ्यपुस्तकको बाह्य विशेषताका रूपमा छपाइ र बँधाइको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । छपाइका निम्ति प्रयोग गर्ने मसी नउड्ने र नफुल्ने खालको हुनु पर्दछ । एउटै रङ्गको मसी पनि गाढा र सामान्य चमक दिएर आवश्यकताअनुसार उपयोग गर्नुपर्छ । शीर्षक र उपशीर्षक र सङ्केतहरूलाई गाढा चमक दिएर अन्यमा सामान्य चहक दिए पुग्छ । कुनै विशेष शब्द, पदावली र वाक्य समेतलाई प्रभाव परक देखिनका लागि पनि गाढा चहक दिएर, रेखाङ्कित गरेर वा अन्य विविध तरिका अपनाएर अरूभन्दा फरक देखिने गरी छपाइ मिलाउनु आवश्यक हुन्छ । शीर्षक, उपशीर्षकलाई ठूला अक्षर आकारमा र अन्यलाई सामान्य

आकारमा छपाइ गर्न आवश्यक हुन्छ । त्यसै गरी अन्तराल र किनारा छोडाइलाई पनि विशेष ध्यानमा राखी उपयुक्त छपाइ व्यवस्था मिलाउन आवश्यक हुन्छ ।

भाषा पाठ्यपुस्तकको बँधाइ प्रविधि मजबुत र वैज्ञानिक तरिकाको हुनु आवश्यक हुन्छ । छिट्टै पृष्ठ निस्कने र असरल्ल हुने गरी कमजोर बँधाइ गुर्नुहुँदैन । पाठ्यपुस्तकको पानालाई बलियो धागोले सिएर राम्रोसँग स्टेप्लर वा गमले बलियो गरी टाँसेर मजबुत बँधाइ गरेमा पाठ्यपुस्तक प्रभावकारी हुन्छ । बँधाइको बारेमा ढुङ्गेल र दाहाल (२०६३) ले "पाठ्यपुस्तकहरू पढन् सजिलो हुने र बन्धन खुस्केर छरपष्ट नहुने गरी बलियो धागोले सिलाएको हुनुपर्छ । स्टेपलरले गरिएको स्टिच उप्किने र कागज च्यातिने भएको हुँदा बलियो धागोले सिउनु जरुरी हुन्छ" (पृ. ७२) भनी आफ्नो धारणा व्यक्त गरेका छन् । कुन कक्षा र तहका लागि हो त्यसैअनुरूपको छपाइमा उपयुक्त रङ्ग र कालो मसीको प्रयोग र बँधाइ हुनुपर्छ । साना कक्षाहरूमा रङ्गीन मसी र चहकिलो मसी प्रयोग गर्नु उपयुक्त हुन्छ भने माथिल्ला कक्षामा कालो मसीको प्रयोग गर्नु राम्रो मानिन्छ, साथै छपाइ सफा र स्पष्ट हुनु पर्दछ । छपाइमा अशुद्धता भएमा विद्यार्थीमा शब्दले दिने अर्थको अनर्थ हुन जान्छ । पाठ्यपुस्तकको बँधाइ बलियो हुनुपर्छ । बलियो धागोले उपयुक्त तरिकाले पाठ्यपुस्तकको बँधाइ गर्नु पर्दछ, जसले गर्दा पाठ्यपुस्तक लामो समय प्रयोग गर्न सकिन्छ ।

***कागजको स्तर :*** भाषा पाठ्यपुस्तकमा प्रयोग गरिने कागज सेतो, चिल्लो, बाक्लो र स्तरीय खालको भयो त्यति नै पाठ्यपुस्तकको स्वरूप पनि आकर्षक र प्रभावकारी मानिन्छ । खस्रो पातलो कमसल कागज भएमा अनाकर्षक र अप्रभावकारी मात्र नभई छिट्टै च्यातिने, दोब्रिने हुन्छ । नराम्रो कागजमा छपाइ पनि नराम्रो हुन्छ । पातलो भएमा एकापट्टिका अक्षर अर्कापट्टि देखिएर पढ्नै नमिल्ने हुन्छ, यसले गर्दा पनि रङ्गीन चित्रहरू पनि अनाकर्षक बन्दछन । यी कारणले गर्दा विद्यार्थीहरूलाई पाठ्यपुस्तक पढ्न मन नलाग्ने हुन सक्दछ । पाठ्यपुस्तकमा प्रयोग गरिने कागजको बारेमा ढुङ्गेल र दाहाल (२०६३) ले आफ्नो धारणा व्यक्त गर्दै भनेका छन्, "कागजको स्तरले पाठ्यपुस्तकको स्तर निर्धारण गर्ने भएकाले सेतो, सफा, चिल्लो र बाक्लो (६० ग्रामभन्दा माथिको) कागज प्रयोग गर्नु जरुरी हुन्छ । मैलो, खस्रो र पातलो कागतमा न छपाइ राम्रो हुन्छ न त्यसमा पाठकको ध्यानाकर्षण गर्ने शक्ति

हुन्छ, न त त्यसमा टिकाउपना नै हुन्छ" (पृ. ७२) । त्यसैले पाठ्यपुस्तकको आवरणभित्र प्रयोग गरिने कागज पनि स्तरीय र विद्यार्थीको तह र कक्षाअनुसारको उपयुक्त हुनु पर्दछ, जसले पाठ्यपुस्तकलाई दीर्घकालसम्म प्रयोग गर्न सकिने बनाउँछ ।

***मूल्य र सुलभता :*** विद्यालय तहका पाठ्यपुस्तक कम मुनाफा कमाउने उद्देश्यले वितरण गर्नुपर्छ । हाम्रोजस्तो गरिब मुलुकमा पाठ्यपुस्तकको मूल्य चर्को भयो भने सर्वसाधारण जनताले आफ्ना छोराछोरीलाई पढ्नका लागि चाहिने आवश्यक पाठ्यपुस्तकहरू समयमै किनिदिन सक्दैनन् जसले गर्दा विद्यार्थीहरूको पठनपाठनमा नराम्रो असर पर्न जान्छ । पाठ्यपुस्तकको मूल्य मुनाफारहित र लगानी खर्च उठाउने उद्देश्यले न्यूनतम मात्रामा मात्र तय गर्नुपर्छ । यसको बारेमा ढुङ्गेल र दाहाल (२०६३) ले "नाफामूलक दृष्टिभन्दा सेवामूलक दृष्टिले पाठ्यपुस्तकको मूल्य निर्धारण हुनुपर्छ । किन्न हच्किनु पर्ने स्थिति नहोस् भनी लागत मूल्यभन्दा केही प्रतिशतमात्र नाफा राखेर पुस्तकको मूल्य निर्धारण हुनुपर्छ" (पृ. ७३) भनेका छन् । त्यसैले प्रयोगकर्ताहरूको आर्थिक स्थितिलाई मध्यनजर गर्ने पाठ्यवस्तुको मूल्य निर्धारण गर्नु उपयुक्त र मनासिब मानिन्छ । सकेसम्म पाठ्यपुस्तकहरू कमजोर आर्थिक अवस्था भएका मानिसहरूका लागि निःशुल्क उपलब्ध गराउने प्रयास पनि सरकार तथा सम्बन्धित निकायबाट गर्नुपर्छ ।

पाठ्यपुस्तकको प्रभावकारिता त्यसको सुलभतामा पनि भर पर्दछ । सुलभताको अर्थ खोजेको समयमा सजिलैसँग उपलब्ध हुने अवस्था हो । यसैले गर्दा पाठ्यपुस्तक देशव्यापीरूपमा सुलभ हुनु आवश्यक हुन्छ । प्रयोगकर्ता रहेकाहरू भौगोलिक क्षेत्रमा पाठ्यपुस्तक समयमा पुग्नु जरूरी मानिन्छ । हाम्रोजस्तो दुर्गम क्षेत्र अधिक भएको देशमा पाठ्यपुस्तकको सुलभता एकैनासको छैन । सुगम सहरी क्षेत्रमा जति सजिलै भनेको बेलामा पाठ्यपुस्तकहरू उपलब्ध हुन सक्छन् त्यति दुर्गम ग्रामीण क्षेत्रमा प्राप्त गर्न बढी समय लागेको पाइन्छ । शैक्षिक सत्र सुरु भइसकेको धेरै समयपछि मात्र पाठ्यपुस्तक उपलब्ध हुने स्थिति पनि रहेको पाइन्छ । तसर्थ पाठ्यपुस्तक समयमै सबै ठाउँमा सुलभता हुनु पर्दछ ।

***अन्य :*** भाषा पाठ्यपुस्तकलाई स्तरीय, उद्देश्यमूलक र फलदायी बनाउनका लागि अन्य विविध कुराहरूअन्तर्गत पाठ्यपुस्तकको नाम, कक्षा, प्रकाशक, संस्करण,

मुद्रकसम्बन्धी जानकारी र पाठ्यक्रम विकास केन्द्रको अनुरोधका साथै हाम्रो भनाइलाई पनि यसअन्तर्गत नै लिइन्छ, यस्ता कुराहरूले प्रत्यक्ष र परोक्ष रूपमा पाठ्यपुस्तकको गुणस्तरलाई उकास्ने काम गर्दछ ।

पाठ्यपुस्तकका अन्य कतिपय परिधीय विशेषता पनि हुन्छन् । ती कुनै न कुनै रूपमा प्रभावकारिता वृद्धि गर्नमा सहायक हुन्छन् । कुन पाठ कुन पृष्ठमा छ भनी खोज्न र अध्ययन अध्यापन गर्न सजिलोको लागि विषयसूचीको व्यवस्था हुन्छ । आवरण पृष्ठमा पुस्तक लेखकको नाम र प्रकाशकको सूचना, आवरणभित्रको पृष्ठमा संस्करण, प्रकाशन वर्ष आदिको सूचना राखिएको हुन्छ ।

कक्षा वा तहको सूचना र अन्य पृष्ठमा पाठ्यपुस्तकका बारेमा विभिन्न आधिकारिक संस्था वा व्यक्तिका अवधारणालाई समेत समावेस गर्नु पर्दछ । पाठ्यांश समाप्तिपछि पाठ्यपुस्तकमा प्रयोग गरिएका शब्दहरूको वर्णानुक्रमसूची, उखानटुक्काहरूको सूची आदि प्रस्तुत गरेमा शिक्षक, विद्यार्थी, अनुसन्धानदाता र विषयविज्ञहरूलाई फाइदा हुन्छ । पाठ्यपुस्तकलाई नवीन, आकर्षक, सूचनामूलक र सहयोगी सामग्रीका रूपमा बाहिरी दृष्टिमा प्रस्तुत गरिनु पर्दछ । समयसमयमा आवश्यक सुधार, संशोधन र परिमार्जन गर्दै विभिन्न विद्वान्, सम्बन्धित उपभोक्ता र विशेषज्ञहरूका राय, सुझावलाई आत्मसात् गरी पाठ्यपुस्तकको बाह्य र आन्तरिक दुवै स्वरूपमा तद्अनुकूल हेरफेर गरिरहनु आवश्यक हुन्छ । यिनै उल्लिखित कुराहरूमा भाषा पाठ्यपुस्तकका प्रभावकारिता र उपादेयताहरूलाई नियाल्न सकिन्छ र सकारात्मक वा नकारात्मक पक्षको मूल्याङ्कन पनि गर्न सकिन्छ ।

**आन्तरिक आधार :** आन्तरिक गुण (आधार) भन्नाले भित्री गुण भन्ने बुझिन्छ । भाषा पाठ्यपुस्तकको वास्तविक गुण पनि यसको आन्तरिक आधार हो । यसलाई बौद्धिक पक्ष पनि भन्ने गरिन्छ । यसअन्तर्गत विशेष गरेर विषयवस्तुको छनोट त्यसको सङ्गठन, प्रस्तुतीकरण, भाषागत शुद्धाशुद्धी, उदाहरण, चित्र, तालिका लगायतका कुराहरू पर्दछन् । भाषा शिक्षणको प्रयोजन यसबाट पूरा हुने वा नहुने हुँदा यसको सर्वोपरि भूमिकालाई विशेष महत्त्वका साथ हेर्नु जरुरी हुन्छ । पाठ्यपुस्तकका गुण वा विशेषतामध्ये त्यति महत्त्व नभए पनि बाह्य विशेषताले पनि पाठ्यपुस्तकलाई प्रभावित पार्ने देखिन्छ । पाठ्यपुस्तकहरूमध्ये शिक्षार्थीको ध्यान आकृष्ट गरी पढूँपढूँ लाग्ने, उत्सुकता वा उत्प्रेरणा जगाउने कार्यमा यसको भूमिका महत्त्वपूर्ण हुन्छ ।

पाठ्यपुस्तकको आन्तरिक आधार (गुण) को बारेमा आचार्य र गौतम (२०६६) ले निम्नानुसार व्याख्या गरेका छन् :

> भाषा शिक्षण सिकाइका दृष्टिले विशेष भूमिकामूलक महत्त्व राख्ने आन्तरिक वा प्राज्ञिक कुराहरूलाई भाषा पाठ्यपुस्तकले केकसरी समावेश गरेको छ भन्ने कुरा सर्वाधिक महत्त्वपूर्ण कुरा हो । पाठ्यपुस्तक देख्दा जतिसुकै आकर्षक भए पनि यदि त्यो भाषा शिक्षणका दृष्टिले आन्तरिक रूपमा कमजोर छ भने त्यसको कुनै मूल्य र महत्त्व रहँदैन । पुस्तक हेर्न र सजाउनका लागि नभएर पढ्न र अभ्यास गर्न तथा भाषिक अपेक्षा हासिल गर्न प्रभावकारी सहयोग पुऱ्याउने हुनु अति आवश्यक हुन्छ । (पृ. १२४)

जसअन्तर्गत पाठ्यवस्तु, विधा तथा प्रस्तुति शब्दभण्डारको प्रयोग, भाषा, नमुना अभ्यास, चित्रहरूको प्रयोग र अन्य विविध पक्षहरूको अध्ययन विश्लेषण गरिन्छ जसलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

***पाठ्यवस्तु :*** पाठ्यवस्तु पाठ्यपुस्तकको मेरूदण्ड हो । यसलाई पाठ्यपुस्तकको केन्द्रीय अवयव पनि भनिन्छ । भाषा पाठ्यपुस्तकमा विभिन्न शीर्षक, उपशीर्षक वा विधा, उपविधामा ढाली विविध विषयवस्तुका माध्यमले पाठ्यवस्तुलाई प्रस्तुत गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकका पाठ्यवस्तुले पाठ्यक्रमका अपेक्षाहरूलाई ख्याल राख्नु पर्दछ । अपेक्षित अभ्यासमा टेवा पुऱ्याउन सक्नु पर्छ । विद्यार्थीको पूर्व शैक्षणिक अनुभव र भाषिक अनुभवलाई आधार बनाउनु पर्छ । पौडेल (२०७३) ले पाठ्यवस्तुको बारेमा आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् :

> अघिल्लो र पछिल्लो पाठ्यवस्तुको अन्तरसम्बन्धमा बाँधिएको हुनु पर्दछ । भाषा पाठ्यपुस्तकमा राखिएका पाठ्यवस्तुहरू विद्यार्थीको उमेर, आवश्यकता र पूर्व ज्ञान तथा अनुभवसँग सम्बन्धित हुनुपर्छ साथै यसमा समावेश गरिने विषय प्रजातान्त्रिक, सांस्कृतिक मूल्य र मान्यता, वैज्ञानिक दृष्टिकोण, अनुशासन, नैतिक, चारित्रिकजस्ता कुरा हुनु जरूरी हुन्छ । विद्यार्थीको मानसिक, शारीरिक तथा सामाजिक वातावरणअनुसार रूचिपूर्ण हुनु आवश्यक छ । (पृ. १३३)

माथिको भनाइबाट भाषा पाठ्यपुस्तक विद्यार्थीको उमेर, स्तर, आवश्यकता र अनुभवसँग सम्बन्धित हुनुका साथै उनीहरूको मानसिक, शारीरिक र सामाजिक वातावरणसँग मिल्ने प्रकारको हुनुपर्दछ भन्ने कुरा बुझिन्छ ।

***विधा तथा प्रस्तुति :*** भाषा पाठ्यपुस्तकमा विधागत विविधता हुनुका साथै विविधतामा पनि आपसी संयोजन हुनुपर्दछ । विधागत विविधताले पढ्दा रोचकता प्रदान गर्नुका साथै पाठ्यक्रमद्वारा अपेक्षित भाषिक सीप प्राप्त गर्न सहयोग पुऱ्याउँदछ । विधागत प्रस्तुतिमा विद्यार्थीको रूचि, स्तर, क्षमताजस्ता पक्षलाई बिर्सनु हुँदैन । विधागत प्रस्तुति सरलबाट जटिल, ज्ञातबाट अज्ञात, स्थूलबाट भावात्मकतर्फको क्रममा राखिएमा भाषा पाठ्यपुस्तक उपयुक्त र प्रभावकारी हुन्छ भने सूचनामूलक नैतिक मूल्य र मान्यतालाई प्रोत्साहित गर्ने श्रमप्रति आस्था जगाउनका लागि प्रजातान्त्रिक मूल्य र मान्यतालाई समेट्ने, धर्म निरेपक्ष, लैङ्गिक तथा सांस्कृतिक समानता झल्काउने र राष्ट्रको हित गर्ने विषयबस्तु भाषा पाठ्यपुस्तकमा समावेश गरिनु पर्छ । विधाको बारेमा ढुङ्गेल र दाहाल (२०६३) ले "जसले छिटो र सरल तरिकाबाट सीमित स्रोत तथा साधनको उपयोग गरी विद्यार्थीहरूमा भाषिक ज्ञान अनि सीप अभिवृद्धि गराउन सकियोस् । निम्न माध्यमिक तह पूरा गरी आउने विद्यार्थीहरूलाई माध्यमिक तहमा धेरै कठिन र दुर्वोध विषयवस्तु राखिनु हुँदैन" (पृ. ७०) भनेका छन् । यसैले गर्दा भाषा पाठ्यपुस्तकका माध्यमबाट भाषिक सीपको अभिवृद्धि हुने हुनाले यसमा कथा, कविता, रूपक, निबन्ध, जीवनी, चिठी, भाषा, तत्त्व, शब्दभण्डारजस्ता विविध विधाहरूलाई समावेश गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकमा प्रयुक्त भाषा विद्यार्थीको स्तर र बौद्धिक क्षमताअनुरूप सरल व्यावहारिक र रूचिपूर्ण हुनु उपयुक्त मानिन्छ । भाषा पाठ्यपुस्तकमा सिर्जनात्मक तथा पहिचानात्मक किसिमका अभ्यास साथै पाठ सन्दर्भअनुसार चित्रहरूको प्रयोग गर्नुपर्छ । यस मान्यताअनुसार अभ्यास, टिप्पणी, सङ्केत, चित्र आदि विविध पक्षको मेल पाठ्यपुस्तकमा हुनुपर्दछ ।

***शब्दभण्डार :*** भाषा पाठ्यपुस्तकका आन्तरिक विशेषताहरूमा शब्दभण्डार अर्को महत्त्वपूर्ण आधार हो । शब्दभण्डार उपयोग गर्ने क्रममा भाषाका पाठ्यपुस्तकमा सिकारुको भाषिक पृष्ठभूमि, स्तर, क्षमता, रूचि, आवश्यकताजस्ता कुराहरूलाई ख्याल गरिनुपर्छ । यसरी उपयोगमा आएका शब्दहरूको भाषिक बोध र अभिव्यक्ति

क्षमताको विकास गराई सिकारूलाई भाषिक उन्नयनको मार्गमा अभिमुख गराउन सक्नुपर्छ । पाठ्यपुस्तकभित्र अघिल्लो पाठभन्दा बीस प्रतिशतभन्दा बढी नहुने गरी नयाँ शब्दहरू थप्नुपर्छ र थपिएका शब्दहरू पछाडिका पाठहरूमा सान्दर्भिक ढङ्गले दोहोऱ्याएर प्रयोग गर्नु पर्दछ । शब्दभण्डारको बारेमा आफ्नो धारणा पौडेल (२०७३) ले निम्नानुसार प्रस्तुत गरेका छन् :

> तल्लो स्तर वा कक्षामा प्रयोग भइसकेका असी प्रतिशत शब्दकै आधारमा उपल्लो स्तर वा कक्षामा बढीमा असी प्रतिशत नयाँ शब्द थप्ने सचेतता अपनाउनु पर्दछ । यसरी क्रमशः प्रयोगमा आएका वा ल्याइएका शब्दहरूको प्रयोग क्रमशः बढाइ नयाँनयाँ शब्दहरू सिकारुलाई निरन्तर उनीहरूको क्षमता, अनुभव, ज्ञान, सीप आदिको स्तर ख्याल गरी दिँदै जानुपर्ने हुन्छ । त्यस्तै पञ्चाशंको नीतिअनुसार नवीन शब्दको प्रवेश गराउँदै लैजानुपर्ने हुन्छ । (पृ. १३५)

माथिको कथनअनुसार विद्यार्थीले कक्षा बढ्दै जाने क्रममा पाठ्यक्रममा प्रति तह बीस प्रतिशतका दरले शब्द थप्दै जानु उपयुक्त हुन्छ, जसले गर्दा विद्यार्थीले आफ्नो शब्दभण्डारमा रहेका शब्दहरूलाई राम्रोसँग बुझ्न सक्छन् । यसरी क्रमशः विद्यार्थीको शब्दभण्डार क्षमताको पाठ्यक्रमले निरन्तरता दिँदै जानु आवश्यक हुन्छ ।

***भाषा :*** एक मानव र अर्को मानवबीच एकआपसका भावना वा विचार व्यक्त गर्ने माध्यम भाषा हो । यसै गरी पाठ्यपुस्तकभित्र प्रयोग गरिने भाषिक संरचनाको सम्पूर्ण स्तर र विचार वहन गर्ने माध्यम भाषा हो । ढुङ्गेल र दाहाल (२०६३) ले भाषाको बारेमा आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् :

> भाषा पाठ्यपुस्तकमा प्रयोग हुने वाक्य ढाँचा भाषिक सीप आर्जन हुने खालका हुनु पर्दछ । भाषा विद्यार्थीको तह अनुकूल सरल, सुबोध, रुचिपूर्ण एवम् व्यावहारिक हुनु पर्दछ । भाषा पाठ्यपुस्तकको भाषा स्तरअनुरूप सुगम, स्तरीकृत भाषिक सीप आर्जनमा उपयोगी र दैनिक जीवनमा सहयोगी हुने कुरामा ध्यान दिनु पर्दछ । त्यसैगरी अनुच्छेद, पाठ र सिलसिला बनोटमा पनि स्तरयुक्त आकार, प्रकार र प्रक्रिया अवलम्बन गर्नु पर्दछ । माध्यमिक तहमा विद्यार्थीको बौद्धिक क्षमतालाई दृष्टिगत गरी छोटा

> र सरल वाक्यहरूको प्रयोग गरिनु पर्दछ भने व्याकरणको प्रयोग सैद्धान्तिक ज्ञान दिने नभएर भाषिक प्रयोग क्षमतालाई अभिवृद्धि गर्ने रहेको हुन्छ । विद्यार्थीको पूर्व अनुभवका आधारमा वाक्यहरू प्रस्तुत गर्नुपर्दछ । (पृ. ७०)

माथिको भनाइलाई हेर्दा भाषा पाठ्यपुस्तकको भाषा भाषिक सीप प्राप्त गर्न सक्ने खालका हुनुका साथै तहअनसार सुगम, रुचिपूर्ण एवम् व्यावहारिक हुनु पर्दछ, जसले गर्दा विद्यार्थीले पाठ्यपुस्तकमा व्यक्त भाषालाई सजिलै ग्रहण गर्न र अभिव्यक्त सकून् ।

***नमुना अभ्यास :*** नमुना अभ्यास हरेक पाठ्यपुस्तकको अभिन्न अङ्ग हो । पाठ्यपुस्तकमा प्रत्येक पाठमा राखिएका नमुना अभ्यासहरू कक्षाको स्तर, विद्यार्थीको क्षमता, रूचि र सिकाइ प्रकृतिअनुसार तय गरिएको हुनु पर्दछ । भाषा पाठ्यपुस्तकमा जेजति पाठ्यवस्तुहरूको संयोजन र सङ्गठित गरिएका हुन्छन् ती सबैमा अभ्यासात्मक कार्यकलापको सर्वाधिक भूमिका रहनुपर्छ । विभिन्न शीर्षक, विधा र विषयवस्तुमा आधारित पाठ्यवस्तुहरूको शिक्षण अभ्यास केन्द्रित हुनु पर्दछ । नमुना अभ्यासको बारेमा पौडेल (२०७३) ले “कक्षा वा तहको स्तर र आवश्यकताअनुसार हरेक पाठपछि उपयुक्त र पर्याप्त अभ्यासको व्यवस्था गर्नु पर्दछ” (पृ. १५५) भनेका छन् । यसैगरी ढुङ्गेल र दाहाल (२०६३) ले “भाषाको सम्प्रेषणात्मक उपयुक्तता र सान्दर्भिकतासम्बन्धी व्यावहारिक ज्ञान र सीप अभ्यासबाटै सबल हुने हुनाले त्यसको उपयुक्त नमुना पाठ्यपुस्तकले निर्देश गर्न सक्नुपर्छ” (पृ. ७०) भनी आफ्नो धारणा व्यक्त गरेका छन् । विधागतअनुरूप भाषा प्रयोगका विशिष्ट क्षेत्रहरूमा विद्यार्थीहरूलाई सहभागी गराउन मिल्ने गरी अभ्यासहरूको सचेत व्यवस्था मिलाउनु पर्छ । सरलदेखि जटिलताको क्रममा अभ्यासहरूलाई स्तरीकृत गरिएको हुनु पर्दछ । पहिचानात्मक किसिमका मात्र नभई प्रयोगात्मक अभ्यासहरूको पनि आवश्यक सन्तुलन मिलाउँदै सुनाइ, बोलाइ, पढाइ र लेखाइ सबै सीपको सन्तुलित अभ्यासको व्यवस्था मिलाउनु पर्दछ ।

***चित्रको प्रयोग :*** पाठ्यवस्तुलाई अझ स्पष्ट पार्न, आकर्षक रूचिपूर्ण बनाउन, कुनै नवीन विषयवस्तुका बारेमा धारणा बसाल्ने चित्र उपयोगी हुन्छ । भाषा पाठ्यपुस्तकमा समावेश गरिने चित्रणहरू पनि आकर्षक, दुरुस्त, उपयुक्त आकारका हुनुका साथै प्रसङ्ग आएकै ठाउँमा प्रयोग गरिनु पर्दछ । हजारौं शब्दमा बयान गरेर

अर्थ र धारणा प्रष्ट पार्न नसकिने विषयवस्तुलाई एउटै चित्रका माध्ययमले सजिलै धारणा बसाल्न सकिन्छ, त्यसैले कतिपय सन्दर्भमा वा चित्रजन्य सान्दर्भिक उपयोग पाठ्यपुस्तकमा आवश्यक पर्छ । चित्र प्रयोगको बारेमा ढुङ्गेल र दाहाल (२०६३) ले "विषयवस्तुको पुष्ट्याइँ गर्न दिइने चित्रहरू खास सन्दर्भसँग मेल खाने गरी उपयुक्त स्थानमा हुनुपर्छ । चित्रहरू विभिन्न प्रकारका हुन्छन् । सकेसम्म बढी र विविधतायुक्त चित्रले विद्यार्थीको ध्यान आकृष्ट गर्छन्" (पृ. ७१) भनेका छन् । त्यसैले दृश्यचित्रले जस्तै स्पष्ट धारणा विकास गर्न मद्दत पुऱ्याउने विभिन्न रेखाचित्र र तालिकाहरूको पनि उपयोग भाषा पाठ्यपुस्तकमा गर्नु पर्दछ । यस्ता चित्र, दृश्यचित्र तथा रेखाचित्रहरूले एकातिर सरल र सुबोध ढङ्गले भाषिक धारणा र अर्थबोध गर्न मद्दत पुऱ्याउँछ भने अर्कोतर्फ रोचक र प्रभावकारी सिकाइ क्षमता वृद्धि गरी पाठ्यक्रम एवम् भाषा शिक्षणका मान्यतालाई सफल बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछ ।

***अन्य :*** भाषा पाठ्यपुस्तक, भाषा शिक्षक र भाषा सिकारु दुवैको अभिन्न मित्र हो र पठनपाठन वा शिक्षण सिकाइको आधार पनि हो । यसमा माथि वर्णित विभिन्न आन्तरिक विशेषताबाहेक अन्य कतिपय महत्त्वपूर्ण विशेषताहरू हुन्छन् । त्यस्ता कुराहरूमा तालिका शब्दार्थ, टिप्पणी, शिक्षकलाई निर्देशन सङ्केत आदि पर्दछन् । यसरी नै कुनै पनि भाषिक पक्षको स्पष्ट र वस्तुगत धारणा बसाल्न तालिकाहरूको उपयोग गर्न सकिन्छ । त्यस्तै पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बोध गर्न सजिलोका लागि पाठको अन्त्यमा शब्दार्थको व्यवस्था गरी तिनका प्रयोग सन्दर्भगत सूचना दिन सकिन्छ । यस कार्यले शब्दभण्डार वृद्धि र अर्थबोध एवम् सन्दर्भगत प्रयोग क्षेत्र पहिल्याउन विद्यार्थीलाई महत्त्वपूर्ण सहयोग पुऱ्याउँदछ । विशेष क्षेत्रमा प्रयोग हुने पारिभाषिक वा प्राविधिक शब्द र पदावलीहरूलाई गाढा रङ्गमा अङ्कित गर्नु पर्दछ । माथि उल्लिखित आधारहरू मात्र नभएर पाठ्यपुस्तकमा बाह्य आधारहरूमा विषयसूची, भूमिका, निर्देशन विभिन्न सङ्केतजस्ता पक्षहरू पनि उपयुक्त र सान्दर्भिक हुनु आवश्यक मानिन्छ ।

## सारांश

प्रस्तुत शोधकार्यको यस अध्यायमा सम्बन्धित कार्यको पुनरावलोकन प्रस्तुत गरिएको छ, जसअन्तर्गत प्रायोगिक पुनरावलोकनमा शोधको उद्देश्यअनुसार भाषा पाठ्यपुस्तकको

आन्तरिक र बाह्य विशेषताहरूको विश्लेषण गर्ने क्रममा सैद्धान्तिक पुनरावलोकनअन्तर्गत यस शोध शीर्षकसँग सम्बन्धित निष्कर्षलाई पाँचवटा पुस्तकको समीक्षालाई आधार मानिएको छ भने प्रायोगिक पुनरावलोकनअन्तर्गत दसवटा शोधसमीक्षाको आधारमा विश्लेषण गरिएको छ । पूर्वकार्यको अवलोकनको अनुप्रयोगले शोधार्थीलाई शोधको शीर्षक चयन गर्न, समस्याको विशिष्टीकरण गर्न, शोधको उद्देश्य पहिल्याउन, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, समस्याको चुरो पत्ता लगाउनुका साथै त्यस्ता समस्याहरूको समाधान गर्न तथा विभिन्न कुरामा फाइदा पुगेको कुरालाई विश्लेषण गरिएको छ भने भाषा पाठ्यपुस्तकको सैद्धान्तिक अवधारणालाई पनि प्रस्तुत गरिएको छ, जसमा पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य क्षेत्रको विश्लेषण गरिएको छ । यसैगरी पाठ्यक्रम र भाषा पाठ्यपुस्तकको सैद्धान्तिक परिचयअन्तर्गत विभिन्न उपशीर्षकहरू प्रस्तुत गरी पाठ्यपुस्तकको विश्लेषणको सैद्धान्तिक अवधारणालाई प्रस्तुत गरिएको छ भने अन्त्यमा यस अध्यायको सङ्क्षिप्त सारांश प्रस्तुत गरी यस अध्यायलाई समापन गरिएको छ ।

# अध्याय तीन

## अनुसन्धान विधि

प्रस्तुत शोधकार्यलाई पूर्णता दिनका लागि *कक्षा एघारको नेपाली* (२०७७) पाठ्यपुस्तकसँग सम्बन्धित लेख, रचना, शोधकार्य तथा पुस्तकहरूलाई शोध सामग्रीका रूपमा उपयोग गरिएको छ । यसका लागि मूलतः पुस्तकालयीय अध्ययन विधिलाई उपयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण, त्यसको पूर्व परीक्षण, परीक्षणको कार्यान्वयन, तथ्याङ्क सङ्कलन, सङ्कलित तथ्याङ्कको व्याख्या, विश्लेषण र प्रस्तुतीकरणजस्ता वर्णनात्मक विधिको उपयोग गरिएको छ, जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## अनुसन्धान ढाँचा

प्रस्तुत शोध अध्ययनलाई नेपाल सरकार, शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर, जनक शिक्षा सामग्री केन्द्रबाट प्रकाशित *कक्षा एघारको नेपाली* भाषा पाठ्यपुस्तकको अध्ययन गरिएको छ । यस अध्ययनको अनुसन्धान ढाँचा परिमाणात्मक, गुणात्मक र मिश्रित आधारको रहेको छ । प्रस्तुत अध्ययनमा सामग्री सङ्कलन गर्ने क्रममा २०७७ सालबाट परिमार्जन गरिएको *कक्षा एघारको नेपाली* भाषा पाठ्यपुस्तकलाई पाठ्यक्रमअनुरूप निर्माण गरिएको छ वा छैन, भाषा पाठ्यपुस्तक विशेषताअनुसार उक्त पुस्तक निर्माण भएको छ वा छैन भनी विश्लेषण गरिएको छ । यस अनुसन्धान कार्यमा पुस्तकालय कार्यलाई मुख्य आधार मानेर अनुसन्धानलाई अगाडि बढाइएको छ ।

## नमुना छनोट प्रक्रिया

प्रस्तुत अध्ययनलाई विश्वसनीय, तथ्यपरक र भरपर्दो बनाउनका लागि नमुना छनोट प्रक्रियालाई प्रयोगमा ल्याइएको छ । यसको लागि शोध समस्यासँग सम्बन्धित विभिन्न स्रोत सामग्रीहरूको पहिचान गरी नमुना छनोट गरी ती नमुना सामग्रीबाट सम्पूर्ण सामग्रीको प्रतिनिधित्व गराउने कार्य नै नमुना छनोट कार्य हो । यस शोधकार्यमा नेपाल सरकार, शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर, जनक शिक्षा सामग्री केन्द्रद्वारा प्रकाशित नेपाली भाषासँग सम्बन्धित *कक्षा एघारको नेपाली* शीर्षकको पाठ्यक्रमलाई प्राथमिक स्रोत सामग्रीको रूपमा लिई यसै पाठ्यपुस्तकसँग सम्बन्धित

विभिन्न सन्दर्भ पुस्तक, सहायक सामग्रीका साथै पाठ्यपुस्तक अन्तर्गत रहेर शोधपत्रहरूलाई समेत द्वितीय सामग्रीको रूपमा उपयोग गरिएको छ ।

**तथ्य सङ्कलन प्रक्रिया**

प्रस्तुत शोध अध्ययन गर्नका लागि *कक्षा एघारको नेपाली* भाषा पाठ्यपुस्तकको बाह्य र आन्तरिक पक्षलाई आधार मानी अध्ययनको लागि सामग्री सङ्कलन गरिएको छ । पाठ्यक्रमअनुरूप पाठ्यपुस्तकको अध्ययनको लागि सामग्री निर्माण गर्दा अध्ययनको उद्देश्य परिपूर्ति गर्ने र यथार्थपरक परिणाम दिने विषय जरूरी भएकाले प्राथमिक स्रोत र द्वितीय स्रोतका सामग्री निर्माण गरी निम्नानुसार अनुसन्धान गरिएको छ ।

**तथ्य सङ्कलनका साधन**

प्राथमिक स्रोतका सामग्री सङ्कलनको मुख्य स्रोत *कक्षा एघारको नेपाली* भाषा पाठ्यपुस्तकलाई लिइएको छ भने द्वितीय स्रोतका रूपमा प्रस्तुत शोधसँग सम्बन्धित भएर लेखिएका शोधपत्र, पत्रपत्रिका एवम् पुस्तकहरूजस्ता विभिन्न सन्दर्भ ग्रन्थहरूबाट सैद्धान्तिक आधार तयार गरी सोहीअनुरूप विश्लेषण गरिएको छ । यसैले प्रस्तुत अध्ययनलाई सफल, विश्वसनीय र तथ्यपरक बनाउनका लागि प्राथमिक र द्वितीयक स्रोत गरी दुई किसिमबाट सङ्कलन गरी निम्नानुसार अध्ययन गरिएको छ :

**प्राथमिक स्रोत** : सामग्री सङ्कलनको मुख्य स्रोत कक्षा एघारको नेपाली पाठ्यपुस्तकलाई मुख्य आधार मानिएको छ र भाषा पाठ्यपुस्तकको विश्लेषण गरिएको छ ।


**द्वितीय स्रोत** :अध्ययनको द्वितीय स्रोतको रूपमा पुस्तकालय कार्य अवलम्बन गरिएको छ । सम्बन्धित शोधपत्रहरू, सन्दर्भपुस्तक एवम् पुस्तकहरू जस्ता विभिन्न सैद्धान्तिक आधार तयार गरी सोहीअनुरूप विश्लेषण गरिएको छ ।

**तथ्य सङ्कलन**

प्रस्तुत अध्ययनका क्रममा सामग्री निर्माण गर्दा अध्ययनको उद्देश्य परिपूर्ति गर्ने र यथार्थपरक परिणाम दिने विषय जरूरी भएकाले प्राथमिक स्रोत र द्वितीय स्रोतका माध्यमबाट *कक्षा एघारको नेपाली* पाठ्यपुस्तकको अध्ययनका लागि सामग्री निर्माण गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

## अवधारणात्मक ढाँचा

प्रस्तुत शोधकार्यको अवधारणात्मक ढाँचा निम्नानुसारको रहेको छ :




चित्र १ : *शोधपत्रको ढाँचा*

## नतिजा र छलफल

यस अध्ययनमा पाठ्यपुस्तकलाई कक्षा एघारको पाठ्यक्रमसँग तालिका बनाएर तुलना गरिएको छ । पाठ्यक्रमले अपेक्षा गरेका लक्ष्य तथा उद्देश्यहरू पाठ्यपुस्तकले पुरा गर्न सकेको वा नसकेको पत्ता लगाउनका लागि पाठ्यपुस्तकमा दिइएका विभिन्न विधागत पाठहरूलाई तालिकाका माध्यमद्वारा प्रस्तुत गरिएको छ । त्यसैगरी पाठ्यपुस्तकको आन्तरिक र बाह्य विशेषताहरूलाई व्याख्यात्मक शैलीमा विश्लेषण गरिएको छ ।

## शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रमा छ अध्याय रहेका छन् । शोधकार्यलाई व्यवस्थित एवम् सुङ्गठित ढाँचामा बाँधिएको छ । यसलाई शृङ्खलित र व्यवस्थित बनाउनका लागि विभिन्न अध्याय, शीर्षक, उपशीर्षक, सहायक शीर्षकमा विभाजन गरिएको छ । शोधपत्रको पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको औचित्य, शोधको उद्देश्य, सीमाङ्कन, पारिभाषिक शब्दावली आदि प्रस्तुत गरिएको छ । शोधपत्रको दोस्रो अध्यायमा शोधकार्यको पुनरावलोकन र भाषा पाठ्यपुस्तकको सैद्धान्तिक परिचय प्रस्तुत गरिएको छ भने शोधपत्रको

तेस्रो अध्यायमा शोधकार्यका निमित्त शोधविधिको आधार तयार गरिएको छ, जसमा अध्ययनको ढाँचा, नमुना छनोट प्रक्रिया, तथ्याङ्क सङ्कलन प्रक्रिया, अवधारणात्मक ढाँचा, नतिजा र छलफल, शोधपत्रको रूपरेखा र अन्त्यमा सारांश प्रस्तुत गरिएको छ । शोधपत्रको चौथो अध्यायमा शोधकार्यको उद्दश्यअनुसार पुस्तकालयीय कार्यको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ, जसमा *कक्षा एघारको नेपाली* पाठ्यपुस्तकलाई पाठ्यक्रम र पाठ्यपुस्तकको मूल्याङ्कनका आधारमा आन्तरिक र बाह्य पक्षको विश्लेषण र छलफल गरिएको छ । पाँचौं अध्यायमा *कक्षा एघारको नेपाली* पाठ्यपुस्तकको बाह्य र आन्तरिक आधारमा विभिन्न शीर्षक तथा उपशीर्षकहरू बनाई अध्ययन र विश्लेषण गरिएको छ भने शोधपत्रको अन्तिम तथा छैठौं अध्यायमा अध्ययनबाट प्राप्त तथ्यका आधारमा 'निष्कर्ष र उपयोगिता' शीर्षक समावेश गरिएको छ र अध्याय एकदेखि पाँचसम्मका निष्कर्ष प्रस्तुत गर्नुका साथै शोधकार्यको उपयोगितालाई प्रस्तुत गरिएको छ भने अन्त्यमा सन्दर्भ सामग्रीसूची र व्यक्तिवृत्त प्रस्तुत गरी शोधपत्रलाई व्यवस्थापन गरिएको छ ।

## सारांश

प्रस्तुत शोधकार्यलाई पूर्णता दिनका लागि अध्याय तीनलाई 'अनुसन्धान विधि' शीर्षक दिई *कक्षा एघारको नेपाली* पाठ्यपुस्तकसँग सम्बन्धित लेख, रचना, शोधकार्य तथा पुस्तकहरूलाई शोध सामग्रीका रूपमा उपयोग गरिएको छ । यसका लागि मूलतः पुस्तकालयीय अध्ययन विधिलाई उपयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण, त्यसको पूर्व परीक्षण, परीक्षणको कार्यान्वयन, तथ्याङ्क सङ्कलन, सङ्कलित तथ्याङ्कको व्याख्या, विश्लेषण र प्रस्तुतीकरणजस्ता वर्णनात्मक विधिको उपयोग गरिएको छ भने अध्ययनलाई विश्वसनीय, तथ्यपरक र भरपर्दो बनाउनका लागि नमुना छनोट प्रक्रियालाई प्रयोगमा ल्याइएको छ । यसको लागि शोध समस्यासँग सम्बन्धित विभिन्न स्रोत सामग्रीहरूको पहिचान गरी नमुना छनोट गरी *कक्षा एघारको नेपाली* शीर्षकको पाठ्यक्रमलाई प्राथमिक स्रोत सामग्रीको रूपमा लिइएको छ भने यसै पाठ्यपुस्तकसँग सम्बन्धित विभिन्न सन्दर्भ पुस्तक, सहायक सामग्रीका साथै पाठ्यपुस्तक अन्तर्गत रहेर शोधपत्रहरूलाई समेत द्वितीय सामग्रीको रूपमा उपयोग गरिएको छ । तथ्य सङ्कलन गर्ने क्रममा प्राथमिक स्रोत र द्वितीय स्रोतका सामग्री निर्माण गरिएको छ र तिनै सामग्रीहरूबाट सैद्धान्तिक तथा प्रायोगिक आधार तयार गरी सोहीअनुरूप विश्लेषण गरिएको छ । तथ्य सङ्कलन गर्ने क्रममा सामग्री निर्माण गर्दा अध्ययनको उद्देश्य परिपूर्ति गर्ने र यथार्थपरक

परिणाम दिने विषय जरूरी भएकाले प्राथमिक स्रोत र द्वितीय स्रोतका माध्यमबाट *कक्षा एघारको नेपाली* पाठ्यपुस्तकको अध्ययनका लागि सामग्री निर्माण गरी व्याख्या तथा विश्लेषण गरिएको छ । यसका साथै यसै अध्यायमा प्रस्तुत शोधकार्यको अवधारणात्मक ढाँचा प्रस्तुत गर्नुका साथै 'नतिजा र छलफल' शीर्षकअन्तर्गत पाठ्यक्रमले अपेक्षा गरेका लक्ष्य तथा उद्देश्यहरू पाठ्यपुस्तकले पुरा गर्न सकेको वा नसकेको पत्ता लगाउनका लागि पाठ्यपुस्तकमा दिइएका विभिन्न विधागत पाठहरूको विश्लेषण गरिएको छ । 'शोधपत्रको रूपरेखा' शीर्षकमा गर्न लागिएको शोधपत्रको विभिन्न अध्यायमा केकस्ता व्याख्या र विश्लेषण गरिएको छ सोको सङ्क्षिप्त व्याख्या गरिएको र अन्त्यमा यस अध्यायको सारांश प्रस्तुत गरिएको छ ।

# अध्याय चार

# व्याख्या र विश्लेषण

प्रस्तुत शोधपत्रलाई पूर्ण गर्नका लागि सोध्य सामग्रीका रूपमा *कक्षा एघारको नेपाली* विषयको पाठ्यपुस्तक (२०७७) लाई लिइएको छ । यो पाठ्यपुस्तक जनक शिक्षा सामग्री केन्द्रबाट उत्पादित तथा वितरित भइरहेको र यसलाई २०७७ सालबाट परिमार्जित गरिएको हो । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार परिवर्तन गरिएको यस पाठ्यपुस्तक पाठ्यक्रमअनुरूप भएको वा नभएको भन्ने तथ्यहरूका विशेषताका आधारमा पाठ्यपुस्तकको विश्लेषण अध्ययन गरिएको छ ।

## पाठ्यक्रम अनुरूपताका आधारमा विश्लेषण

कक्षा एघारको पाठ्यक्रमको उद्देश्य विद्यार्थीमा भाषिक सक्षमता अभिवृद्धि गराउनु हो । कक्षा नौ र दश पुरा गरेका विद्यार्थीको स्तरलाई ध्यान दिई विद्यालय तहको समाप्तिपछि अन्य क्षेत्रमा लाग्ने तथा उच्च शिक्षामा प्रवेश गर्नेहरूको आधार भूमिका रूपमा नेपाली भाषालाई सक्षम बनाउने अभिप्राय पाठ्यक्रमले बोकेको पाइन्छ । पाठ्यक्रममा विद्यार्थीको बोध एवम् अभिव्यक्तिगत क्षमताको विकासका लागि उपयुक्त विधा र क्षेत्र निर्देश गरिएको पाइन्छ । यसमा प्रयोजनपरक भाषिक सीप विकास र भाषातत्त्व (व्याकरण) मा विशेष ध्यान दिएको पाइन्छ ।

*कक्षा एघारको नेपाली* पाठ्यपुस्तकको प्रत्येक पाठको अन्त्यमा विद्यार्थीहरूको भाषिक सीप विकास गर्न मद्दत पुऱ्याउने खालका अभ्यासहरू दिइएको पाइन्छ । ती अभ्यासहरूले भाषाको चार सीपहरूको विकास गर्न मद्दत पुऱ्याएको पाइन्छ । त्यसैगरी शिक्षकले भनेको सुन र तिमी पनि भनजस्ता अभ्यासले सुनाइ, बोलाइ सीपको विकास गर्न मद्दत पुऱ्याएको देखिन्छ । प्रश्नोत्तरसम्बन्धी अभ्यासहरूले पठनबोध तथा लेखनसम्बन्धी उद्देश्य विकास गरेको पाइन्छ । त्यस्तै खाली ठाउँ भर्ने अभ्याहरूमा उपयुक्त शब्द चयन तथा लिङ्ग, वचन, पुरुष, काल आदिको सङ्गति मिलाउनु पर्ने हुनाले कार्यमूलक व्याकरणको उद्देश्य पूर्ति गर्न सहयोग पुऱ्याएको पाइन्छ । त्यस्तै पढ र लेख भनी दिइएका अभ्यासहरू पढाइ र लेखाइ दुवै सीप विकास गराउन सहयोगी देखिन्छन् ।

**भाषिक सीपका आधारमा पाठ्यपुस्तक**

वि.सं. २०७७ मा परिवर्तन भएको *कक्षा एघारको नेपाली* भाषा पाठ्यक्रमले भाषाका चारवटा सीपहरूमध्ये सुनाइ र बोलाइ सीपलाई एकै ठाँउमा प्रस्तुत गरेको छ, जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**सुनाइ र बोलाइ सीप :** *कक्षा एघारको नेपाली* भाषा पाठ्यक्रममा सुनाइ र बोलाइ सीपअन्तर्गत छवटा उद्देश्यहरू राखिएको पाइन्छ । यही उद्देश्यलाई मध्यनजर राख्दै यस पाठ्यपुस्तकमा कथा, निबन्ध, जीवनी, चिठी, निवेदनजस्ता विधाहरू समावेश पाठहरूले पाठ्यक्रमका सुनाइ र बोलाइ सीपसम्बन्धी उद्देश्य परिपूर्ति गर्ने देखिन्छ । त्यस्तै सुनाइ र बोलाइ सीप विकास गर्न सहयोगी अभ्यासहरूमा शिक्षकबाट सुनी प्रश्नको उत्तर भन, अर्थ भन, सुनेर छुटेका शब्द खाली ठाँउमा भर, शब्दको पाठको अनुच्छेद शिक्षकबाट सुनेर लेख आदि जस्ता अभ्यास राखिएका छन् । यी अभ्यासहरू हेर्दा सुनाइ र बोलाइ सीपलाई विकास गर्न मद्दत पुऱ्याएको देखिन्छ । पाठ्यक्रमले निर्दिष्ट गरेको उद्देश्य पुरा गर्न अभ्यासहरूलाई छुट्टै शीर्षक बनाएर शब्दभण्डार बोध वा अभिव्यक्ति, सुनाइ र बोलाइ, भाषातत्त्व, सिर्जना परियोजना गरी पाठ्यपुस्तकमा अभ्यासहरूलाई व्यवस्थित ढङ्गले मिलाएर क्रमबद्ध रूपमा राखिएको छ ।

पाठ्यक्रमले निर्दिष्ट गरेको शब्दहरू प्रयुक्त उच्चार्य वर्णहरू सुनी तिनको भिन्नता पल्याउन, मौखिक वर्णहरू सुनी मुख्य कुरा बताउन, अनुभवका आधारमा सन्दर्भ र प्रसङ्ग मिलाई मौखिक रूपमा प्रश्नोत्तर गर्न, सञ्चार माध्यमका सूचनाहरू सुन्न र भन्नेजस्ता उद्देश्यहरू परिपूर्ति गर्न अभ्यास पर्याप्त नै रहेको छ ।

**पढाइ सीप :** *कक्षा एघारका नेपाली* भाषा पाठ्यक्रममा पढाइ सीपअन्तर्गत आठवटा उद्देश्यहरू राखिएको पाइन्छ । यही उद्देश्यलाई मध्यनजर राख्दै यस पाठ्यपुस्तकमा कविता, कथा, प्रबन्ध, संवाद, जीवनी, चिठी, वादविवाद, निवेदनजस्ता विधाहरू समावेश गरिएको पाइन्छ । यस पाठ्यपुस्तकमा समावेश विभिन्न विधागत पाठहरूले पाठ्यपुस्तकमा पढाइसम्बन्धी उद्देश्य परिपूर्ति गर्ने देखिन्छ । त्यस्तै पढाइ सीप विकास गर्न सहयोगी अभ्यासहरूमा पाठको अनुच्छेदहरू पालैपालो श्रव्यवाचन गरेर सुनाऊ, शब्दहरूलाई शुद्धसँग उच्चारण गर, पढ र बुझ, ‘कृषिशालामा एक दिन’ शीर्षकको संवादलाई अभिनयसहित पढ, ‘वीर पुर्खा’ शीर्षकको कविता लयबद्ध रूपमा

वाचन गर, कक्षामा 'चिठी' शीर्षकको पाठ पढेर साथीलाई सुनाऊ, तल दिइएका क्रियापदको ढाँचा राम्ररी पढ आदि जस्ता अभ्यास राखिएका छन् ।

उल्लिखित पाठ्यक्रमले प्रस्तुत गरेका पढाइसम्बन्धी उद्देश्यहरू र पाठ्यपुस्तकमा उक्त उद्देश्यहरूलाई पूरा गर्न राखिएका अभ्यासहरू आवश्यक मात्रामा राखिएको छ । विभिन्न प्रयोजनका लागि लिखित सामग्रीहरूको मौनवाचन गर्न, प्रतिक्रिया दिन सक्ने गरी विभिन्न विधाका पाठहरू सस्वरवाचन गर्न र विभिन्न मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढ्नुजस्ता उद्देश्यहरूलाई अभ्यासात्मक क्रियाकलापहरू राखिएको पाइन्छ ।

**लेखाइ सीप :** *कक्षा एघारको नेपाली* भाषा पाठ्यक्रममा लेखाइ सीपअन्तर्गत एघारवटा उद्देश्य राखिएको पाइन्छ । यही उद्देश्यलाई मध्यनजर राख्दै यस पाठ्यपुस्तकमा विभिन्न विधाहरू समावेश गरिएको पाइन्छ । यस पाठ्यपुस्तकमा समावेश विभिन्न विधागत पाठहरूले पाठ्यक्रममा लेखाइ सीपसम्बन्धी उद्देश्य परिपूर्ति गर्ने दखिन्छ । त्यस्तै लेखाइ सीप विकास गर्न सहयोगी अभ्यासहरूमा कविताको पहिलो श्लोक पढी त्यसलाइ गद्यमा रूपान्तरण गर, प्रश्नको उत्तर लेख, शब्दको अर्थ लेख, वाक्यमा प्रयोग गर, दिइएका शब्दसँग मिल्ने अनुप्रासयुक्त शब्द खोजेर लेख, क्रम मिलाएर लेख, कवितांश पढेर सङ्क्षिप्त उत्तर लेख, शुद्धसँग लेख, व्याख्या गर, समीक्षात्मक टिप्पणी लेख, अनुच्छेद पढी मुख्यमुख्य बुँदाहरू टिप, खाली ठाउँ भर, अनुच्छेद पढेर उत्तर लेख, साथीलाई चिठी लेख, निवेदन लेख पाठअनुसार व्याकरणलाई समावेश गरी प्रयोग गरिएका छन । उल्लिखित पाठ्यक्रमले प्रस्तुत गरेका लेखाइसम्बन्धी उद्देश्यहरू र पाठ्यपुस्तकमा उक्त उद्देश्यलाई पुरा गर्न राखेका अभ्यासहरू आवश्यक मात्रामा भएको पाइन्छ ।

**विधाको क्षेत्र, क्रम र पाठहरू**

*कक्षा एघारको नेपाली* पाठ्यक्रमले निर्धारण गरेबमोजिमका विधा, विधाका क्षेत्रअनुरूपका पाठहरू पाठ्यपुस्तकमा भएनभएको कुरालाई यस अनुसन्धानमा गहन अध्ययन गरिएको छ । यस पाठ्यक्रमले जम्मा नौ विधाहरू निर्धारण गरेको छ, जसमा प्रबन्ध, निबन्ध, कथा, जीवनी, चिठी, रूपक, कविता, रिपोर्ताजात्मक रचना, संवाद, भाषा (व्याकरण) र शब्दभण्डार रहेका छन् । यी विधाहरूको साथै कुनकुन क्षेत्रका पाठहरू उक्त विधाअन्तर्गत राख्ने हो त्यसबारेमा पनि पाठ्यक्रममा स्पष्ट भएको पाइन्छ ।

**पाठ्यपुस्तकमा रहेका कार्यमूलक व्याकरणका अभ्यास खण्ड**

पाठ शिक्षण गर्दा पाठको प्रसङ्ग वा त्यहाँ प्रयोग भएका व्याकरणका पक्षहरूलाई ध्यान दिएर पाठसँगसँगै व्याकरणका धारणा दिनका लागि यस पाठ्यपुस्तकमा पनि प्रत्येक पाठमा कार्यमूलक व्याकरण राखिएको छ । त्यस्तै कार्यमूलक व्याकरणको धारणा बसाल्न सहयोगी अभ्यासहरूमा वाक्य बनाऊ, वचन बदली वाक्य परिवर्तन गर, पढ, बुझ र अभ्यास गर, खाली ठाउँमा मिल्दो क्रियापद राखी वाक्य पुरा गर, पदवर्ग मिलाऊ, व्यञ्जन वर्णको पहिचान गरी उच्चार्थ स्थानका आधारमा छुट्याऊ, वर्णविन्यासको प्रयोग गरी लेख, समास प्रक्रियाद्वारा शब्द निर्माण गर आदि जस्ता अभ्यास राखिएका छन । कार्यमूलक व्याकरणलाई *कक्षा एघारको नेपाली* पाठ्यपुस्तकमा भाषिक सीपका आधारमा निकै नै राम्रोसँग शब्दभण्डार, सुनाइ र बोलाइ, बोध र अभिव्यक्ति, भाषातत्त्व, शब्दकोषको प्रयोग समेटिएको छ ।

उल्लिखित पाठ्यक्रमले प्रस्तुत गरेका कार्यमूलक व्याकरणसम्बन्धी उद्देश्यहरू र पाठ्यपुस्तकमा उक्त उद्देश्यलाई पूरा गर्न राखेका अभ्यासहरूलाई व्यवस्थित रूपमा राखिएको छ । भाषिक सिपको विकास गर्नको लागि अभ्यासहरूको प्रयोग निकै राम्रो रहेको पाइन्छ ।

**सारांश**

यस अध्यायको शीर्षक 'व्याख्या र विश्लेषण' राखिएको छ । यस अध्यायमा *कक्षा एघारको नेपाली* पाठ्यपुस्तकको परिचय दिँदै भाषा पाठ्यपुस्तकको उपयोगिता, पाठ्यक्रमअनुरूपताका आधारमा विश्लेषण, भाषिक सीपका आधारमा पाठ्यपुस्तकअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप, विधाको क्षेत्र, क्रम र पाठहरूको व्याख्या र विश्लेषण गरिएको छ । विश्लेषण गर्ने क्रममा पाठ्यक्रमका प्रत्येक पाठमा कार्यमूलक व्याकरण राखिएको, पाठ्यक्रमले निर्धारण गरेबमोजिमका विधा, विधाका क्षेत्रअनुरूपका पाठहरू पाठ्यपुस्तकमा भएनभएको कुरालाई अध्ययन गरिएको छ, जसमा पाठ्यक्रमले जम्मा नौ विधाहरू निर्धारण गरेका प्रबन्ध, निबन्ध, कथा, जीवनी, चिठी, रूपक, कविता, संवाद, रिपोर्ताजात्मक रचना, भाषा (व्याकरण) र शब्दभण्डार रहेको कुरा प्रस्ट्याइएको छ । यी विधाहरूको साथै कुनकुन क्षेत्रका पाठहरू उक्त विधाअन्तर्गत राख्ने हो त्यसबारेमा पनि पाठ्यक्रममा स्पष्ट भएको पाइन्छ । यसका साथै कार्यमूलक व्याकरणअन्तर्गत

पाठ्यपुस्तकमा भाषिक सीपका आधारमा निकै नै राम्रोसँग शब्दभण्डार, सुनाइ र बोलाइ, बोध र अभिव्यक्ति, भाषातत्त्व, शब्दकोशको प्रयोग समेटिएको र पाठ्यक्रमले प्रस्तुत गरेका कार्यमूलक व्याकरणसम्बन्धी उद्देश्यहरू र पाठ्यपुस्तकमा उक्त उद्देश्यलाई पूरा गर्न राखेका अभ्यासहरूलाई व्यवस्थित रूपमा राखिएको कुरा उल्लेख गरिएको छ ।

# अध्याय पाँच

## *कक्षा एघारको नेपाली पाठ्यपुस्तक*को अध्ययन

### पाठ्यपुस्तकको बाह्य र आन्तरिक विशेषताका आधारमा अध्ययन

*कक्षा एघारको नेपाली* पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य विशेषताहरू केकस्ता रहेका छन् भनी गरिएको यस अध्ययनबाट प्राप्त विशेषताहरूलाई निम्नानुसार विश्लेषण गरिएको छ :

### बाह्य विशेषताका आधारमा विश्लेषण

भाषा पाठ्यपुस्तकको बाह्य आधारमा पाठ्यपुस्तकको भौतिक पक्षको विश्लेषणलाई लिइन्छ, जसअन्तर्गत बनोट, अक्षरको आकार र ठाउँ छोडाइ, छपाइ र बँधाइ, कागजको स्तर, मूल्य र सुलभताजस्ता पक्षहरूको अध्ययन विश्लेषण गरिन्छ, जसलाई निम्नानुसार चर्चा गरिन्छ :

**आवरण पृष्ठ तथा बनोट :** *कक्षा एघारको नेपाली* पाठ्यपुस्तकको आवरण पृष्ठ गाढा निलो र फिक्का रातो रङ्गको बीचमा सेतो रङ्गको सानो रेखा तानिएको छ, त्यही रेखामाथि नै अण्डाकार गोलाभित्र कक्षा एघार भनेर लेखिएको छ भने फिक्का रातो रङ्गको अक्षरमा नेपाली लेखिएको छ ।

नेपाली लेखिएदेखि तलबाट फिक्का निलो पृष्ठभूमिमा अलगअलग रङ्गको प्रयोग गरी विभिन्न चित्रहरू राखिएको छ । फिक्का निलो भित्रको पृष्ठभूमिमा सेतो रङ्गले हल्का रेखा राखिएको छ । त्यसभित्र गुलाबी रङ्गको प्रयोग गरी विभिन्न छात्रछात्राहरूको शिरसम्मको चित्र राखिएको छ, गाढा निलो रङ्गभित्र कापीमा कलमले लेखेको चित्र राखिएको छ, सुन्तला रङ्गभित्र सेतो छात्र र छात्राले कानमा गीत लगाएर सुनेको चित्र राखिएको छ भने गाढा निलो रङ्गभित्र कलम लिएर लेख्न लागेको हातको चित्र राखिएको छ ।

आवरण पृष्ठको पछाडि गाढा निलो, सेतो पृष्ठभूमिमा नेपालको नक्सा कोरिएको छ । पृष्ठको अन्तिमको बीच भागमा हल्का पहेँलो रङ्गको पृष्ठभूमिमा निशान छाप र त्यसको तल प्रकाशक नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द, सानोठिमी भक्तपुर भनी लेखिएको छ । आवरण पृष्ठमा प्रयोग गरिएको कागज सामान्य बाक्लो रहेको छ । यस पाठ्यपुस्तकको लम्बाइ २४

से.मी., चौडाइ १७ से.मी. र मोटाइ ०.८ से.मी. रहेको छ । यस पाठ्यपुस्तकमा १८३ पृष्ठ रहेका छन् । यसरी बनोटका दृष्टिले हेर्दा यो पाठ्यपुस्तकको आकार र प्रकार कक्षा एघारका विद्यार्थीको लागि उपयुक्त रहेको छ ।

**अक्षर, आकार र ठाउँ छोडाइ :** *कक्षा एघारको नेपाली* पाठ्यपुस्तकको आवरण पृष्ठमा नामका लागि २४ प्वाइन्ट र कक्षाका लागि २० प्वाइन्टका, हाम्रो भनाइमा १८ प्वाइन्ट र त्यसको व्याख्या १६ प्वाइन्टका, विषयसूची १८ प्वाइन्टका, पाठशीर्षक २० प्वाइन्टका, पाठ १६ प्वाइन्टका र शब्दबीचको अन्तर एक स्पेस र हरफबीचको अन्तर १.५ से.मी. रहेको पाइन्छ भने किनारा छोडाइमा दायाँबायाँ १.५ से.मी. र तलमाथि २ से.मी. रहेको छ । यसरी यस पाठ्यपुस्तकको अक्षर, आकार र ठाउँ छोडाइलाई सामान्य मान्नुपर्छ ।

**छपाइ :** कक्षा एघारको यस पाठ्यपुस्तकमा कालो, हरियो, निलो, सेतो, रङ्गको मसीको प्रयोग गरिएको छ । आवरण पृष्ठमा नेपाली सेतो रङ्गमा लेखिएको छ । विषयसूची, पाठ, अभ्यास र अन्य अक्षरहरू सेतो पृष्ठभूमिमा कालो मसीले लेखिएको छ । कतिपय पृष्ठमा लेखिएका अक्षरहरूमा मसी बढी भएकाले स्पष्ट छैनन् । यस पाठ्यपुस्तकको छपाइ सफा र स्पष्ट छैन । यस पाठ्यपुस्तकमा प्रयोग भएको मसी नफुल्ने र नउड्ने खालको भए पनि छपाइमा कतिपय पृष्ठमा मसी लत्पतिएको र कतिपय पृष्ठमा अक्षरहरू बढी गाढा देखिन्छन् । आवश्यक परेको ठाउँमा मसीलाई चहकिलो पारिएको छ । यसैले यस पाठ्पुस्तकको छपाइमा भने कमजोरी भएको देखिन्छ ।

**बँधाइ :** यस पाठ्यपुस्तकको पृष्ठहरूलाई स्टेप्लर पिन दुई ठाउँमा लगाएर बाँधिएको छ । आवरण पृष्ठबाट स्टेप्लर पिनलाई छोपिएको छ । स्टेप्लर पिनद्वारा बाधिएको पुस्तकलाई गम प्रयोग गरी आवरण पृष्ठले छोपिएको छ । समग्रमा भन्नुपर्दा यस पुस्तकको बँधाइ पक्ष राम्रो छ ।

**कागजको स्तर :** यस पाठ्यपुस्तकमा प्रयोग गरिएको कागज माध्यमिक तहको लागि गुणस्तरीय नै देखिन्छ । पाठमा प्रयोग भएको कागज गुणस्तरका दृष्टिले कमसल खालको देखिन्छ ।

**मूल्य :** *कक्षा एघारको नेपाली पाठ्यपुस्तक* मूल्यका सम्बन्धमा मूल्य राखिएको छैन । यस पुस्तकमा मूल्य भनी रूपैयाँ लेख्ने ठाउँ खाली छोडिएको छ, जसले गर्दा पाठ्यपुस्तक किन्नेहरू ठगिने प्रबल सम्भावना रहेको छ ।

**सुलभता :** नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरबाट प्रकाशित उक्त पाठयपुस्तकको मुद्रण जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमी भक्तपुरले गरेको छ । उक्त पाठ्यपुस्तक सुगम क्षेत्रमा उपलब्ध भए पनि दुर्गम क्षेत्रमा शैक्षिक सत्र सुरु भइसक्दा पनि पाठ्यपुस्तक उपलब्ध हुन नसक्नु यसको कमजोर पक्ष रहेको छ ।

**अन्य :** माथि चर्चा भए बाहेकका अन्य परिधीय आधारमा विषयसूची, भूमिका, निर्देशनजस्ता कुराहरू पनि पाठ्यपुस्तकमा उपयुक्त तरिकाले उल्लेख गरिनुपर्छ ।

**आन्तरिक विशेषताका आधारमा विश्लेषण**

*कक्षा एघारको नेपाली* पाठ्यपुस्तकको आन्तरिक पक्षअन्तर्गत पाठ्यबस्तु, विधा तथा प्रस्तुति, शब्दभण्डार, भाषा, नमुना अभ्यास चित्रको प्रयोग तथा अन्य विविध पक्षहरू रहेका छन्, जसको अध्ययन विश्लेषणलाई निम्नानुसार चर्चा गरिएको छ :

**पाठ्यवस्तु :** *कक्षा एघारको नेपाली* पाठ्यपुस्तकमा विविध विधागत १२ पाठहरू राखिएका छन्, जसमा कविता-१, कथा-२, निबन्ध-२, जीवनी-१, चिठी-१, रूपक (नाटक, संवाद, वक्तृता-३, रिपोर्ताजामूलक रचना-१, दैनिकी-१) रहेका छन् । यी पाठहरूमा राखिएका विषयवस्तु मूलतः उपदेशमूलक, परिचयात्मक, मनोरञ्जनात्मक, वर्णनात्मक, प्रकृतिका छन्, जसका माध्यमबाट भाषाका चारै सीपको विकास गर्न सहयोग पुऱ्याएको देखिछ ।

यस पाठ्यपुस्तकमा प्रथम पाठका रूपमा वासुदेव त्रिपाठीद्वारा रचित 'वीर पुर्खा' शीर्षकको कविता राखिएको छ । जुन कविता राष्ट्रियता र देशभक्तिको रहेको छ । दोस्रो पाठका रूपमा 'गाउँको माया' शीर्षकको सामाजिक कथा रहेको छ । यो कथा विद्यार्थीहरूको रूचि र स्तरअनुसार रहेको पाइन्छ । यस कथामा विदेशी जीवन भोगेर गाउँ फर्केर आउँदा तराईवासीको गाउँप्रतिको मायामा आधारित रहेको छ । यो कथा उपदेशात्मक किसिमको रहेको छ । त्यसैगरी 'संस्कृतिको नयाँ यात्रा' शीर्षकको आत्मपरक निबन्धमा कला र संस्कृतिको महत्त्व जनाउने

सन्देशमूलक विषयवस्तुलाई समेटेको छ । त्यसैगरी 'योगमाया' शीर्षकको राष्ट्रिय जीवनी पाठले देशभक्तिको भावनाले भरिपूर्ण व्यक्तित्वप्रति परिचित बनाउन खोजेको छ । 'साथीलाई चिठी' शीर्षकको पाठले घरायसी चिठी लेखनमा सहयोग पुऱ्याउने देखिन्छ । त्यसैगरी 'त्यो फेरि फर्कला' शीर्षकले कथाले मनोवैज्ञानिक विषयवस्तुलाई प्रस्तुत गरिएको छ ।

'पर्यापर्यटनका सम्भावना र आयाम' शीर्षकको वस्तुपरक निबन्धले पर्यटनको सम्भावना र देशविकासमा सहयोग जनाउने विषयवस्तु राखिएको छ । त्यसैगरी 'लौ आयो ताजा खबर' शीर्षकको नाटकले सामाजिक समस्याको विषयवस्तुबाट चेतनामूलक पाठ सिकाएको छ भने 'सफलताको कथा' शीर्षकको रिपोर्ताजमूलक रचनाले सफल हुन केकस्ता परिश्रम गर्नुपर्छ भन्ने कुरा सिकाएको छ, त्यसैगरी 'कृषिशालामा एक दिन' शीर्षकको संवादले कृषि उत्पादन र कृषि मलको प्रयोग सम्बन्धमा रासायनिक मलको असर र प्राङ्गारिक मलको फाइदाको विषयवस्तु प्रस्तुत गरिएको छ । त्यसैगरी 'रारा भ्रमण' शीर्षकको दैनिकीले भ्रमणबाट प्राप्त गर्न सकिने शिक्षाको बारेमा प्रस्तुत गरिएको छ । शैक्षिक भ्रमणको महत्त्व र आवश्यकतालाई यस पाठमा प्रस्तुत गरिएको छ, त्यसैगरी अन्तिम पाठको रूपमा 'जलस्रोत र ऊर्जा' वक्तृताले पक्ष र विपक्षमा बोल्ने क्षमताको विकास गराउने विषयवस्तु प्रस्तुत गरिएको छ । यसरी पाठ्यपुस्तकमा प्रस्तुत गरिएको पाठ्यवस्तुलाई नियाल्न विद्यार्थीको रूचि, उमेर, स्तरअनुसारका विषयवस्तु समावेश गरिएको पाइन्छ । विभिन्न विधाका बाह्रवटा पाठ प्रस्तुत गरिएको यस पुस्तकमा पाठ्यक्रमले राखेको उद्देश्य पूरा गर्न पाठ्यवस्तु सफल भएको पाइन्छ ।

**विधा तथा प्रस्तुति :** यस पुस्तकमा नौवटा विधा प्रस्तुत गरिएको छ । यस पाठ्यपुस्तकमा एउटा कविता जसमा 'वीर पूर्खा' शीर्षकको कविता रहेको छ, जुन पाठ्यक्रमअनुरूप देखिन्छ । त्यस्तै कथा विधाअन्तर्गत दुईवटा कथा रहेका छन् जसमा सामाजिक कथा र मनोवैज्ञानिक कथा दिइएको छ, जुन पाठ्यक्रमअनुरूप नै देखिन्छ । त्यस्तै निबन्ध विधाअन्तर्गत दुईवटा निबन्धमा 'संस्कृतिको महत्त्व' र 'पर्यटनको सम्भावना र आयाम' ले पाठ्यक्रमले तोकेअनुरूपकै विधा रहेका छन् । त्यस्तै चिठी विधामा घरायसी चिठी दिइएको छ भने रूपक विधामा लघुनाटक, संवाद, वक्तृता गरी एकएक उपविधा राखिएका छन् । जुन पाठ्यक्रमअनुसार

उपयुक्त देखिन्छ । त्यस्तै रिपोर्ताजामूलक रचना एउटा दिइएको छ, जुन पाठ्यक्रमअनुरूप नै देखिन्छ । दैनिकी पनि एउटा नै दिइएका छ, जुन पाठ्यक्रमअनुरूप नै देखिन्छ । त्यस्तै कार्यमूलक व्याकरण विधा (भाषातत्त्व) अभ्यासको रूपमा र शब्दभण्डार विधालाई पनि अभ्यासको रूपमा प्रस्तुत गरिएको छ । यस पाठ्यपुस्तकमा विधागत पाठहरूको रखाइक्रम, कविता, कथा, निबन्ध, जीवनी, चिठी, रूपक, रिपोर्ताजामूलक रचना, दैनिकी, भाषातत्त्व, शब्दभण्डार क्रमअनुसार मिलाएर राखिएको छ जुन पाठ्यक्रमले तोकेबमोजिम नै मिलाएर राखिएको पाइन्छ, जसलाई निम्नानुसार तालिकामा देखाइएको छ :

तालिका १ : *पाठ्यपुस्तकमा विधागत पाठहरूको रखाइ क्रम विवरण*

| विधा | विधागत पाठहरू |
|---|---|
| कविता | - वीरपूर्खा |
| कथा | - गाउँको माया |
| | - त्यो फेरि फर्कला ? |
| निबन्ध | - संस्कृतिको नयाँ यात्रा |
| | - पर्यापर्याटनको सम्भावना र आयाम |
| जीवनी | - योगमाया |
| चिठी | - साथीलाई चिठी |
| रूपक | - लौ आयो ताज खबर (लघु नाटक) |
| | - कृषिशालामा एक दिन (संवाद) |
| | - जलस्रोत र ऊर्जा (वक्तृता) |
| रिपोर्ताजामूलक रचना | - सफलताको कथा |
| दैनिकी | - रारा भ्रमण |
| भाषातत्त्व | - कार्यमूलक व्याकरण |

स्रोत : *कक्षा एघारको पाठ्यपुस्तक* (२०७७)

**शब्दभण्डार :** *कक्षा एघारको नेपाली* पाठ्यपुस्तकमा पाठहरूमा तत्सम, तद्भव र आगन्तुक सबै प्रकारका शब्दहरूको प्रयोग गरिएको छ । त्यसमा तद्भव शब्दहरूको प्रयोग भएको पाइन्छ । प्रत्येक पाठमा कठिन शब्दहरूलाई पृष्ठको

अन्त्यमा शब्दको अर्थ दिइएको छ जसलाई राम्रो पक्ष मानिन्छ । प्रत्येक पाठको अभ्यास खण्डमा शब्दभण्डार भनी छुट्टै अभ्यासको व्यवस्था गरी शब्दको अर्थ लेख, मिल्दो शब्दसँग जोडा मिलाऊ, वाक्यमा प्रयोग, अनुच्छेद लेखजस्ता अभ्यासात्मक कार्यहरू दिएका छन् ।

शब्दार्थसम्बन्धी छुट्टै अभ्यास दिइएकाले विद्यार्थीहरूको शब्दभण्डार विकासमा यसले महत्त्वपूर्ण सहयोग पुऱ्याएको देखिन्छ । त्यस्तै शब्दभण्डार क्षमताकै विकासका लागि अभ्यासमा पर्यायवाची, विपरीतार्थक, पारिभाषिक, प्राविधिक, अनुकरणात्मकजस्ता शब्दसम्बन्धी अभ्यासहरू पनि दिएको छ, जसले गर्दा सिकारुमा शब्दभण्डारसम्बन्धी छुट्टै अभ्यासको व्यवस्था गर्नु र शब्दभण्डार विद्यार्थीको स्तरअनुरूप नै भएको पाइन्छ ।

**भाषासंरचना :** *कक्षा एघारको नेपाली* पाठ्यपुस्तकको अध्ययन गर्दा समग्र शब्द चयन विद्यार्थीहरूको स्तरअनुसारकै देखिन्छ ।

**नमुना अभ्यास :** यस पाठ्यपुस्तकमा विधागत पाठहरूपछि अभ्यास राखिएको छ । विधागत पाठ सकिएपछि धेरै अभ्यासलाई विभिन्न उपशीर्षकहरू (शब्दभण्डार, बोध र अभिव्यक्ति, सुनाइ र बोलाइ, भाषातत्त्व, शब्दकोषको प्रयोग, सिर्जना/परियोजना) दिएर अभ्यासलाई व्यवस्थित तरिकाले प्रस्तुत गरिएको छ, जसअन्तर्गत उत्तर भन, प्रश्नहरूको उत्तर लेख, भाव स्पष्ट पार, वाक्य बनाऊ, शुद्ध गरी लेख, जोडा मिलाऊजस्ता अभ्यासहरू राखिएका छन् भने अन्य अभ्यासभन्दा छुट्टै शीर्षक भाषातत्त्व दिई व्याकरणसम्बन्धी अभ्यासहरू राखिएका छन् ।

विद्याथीहरू सिर्जनात्मक क्षमतालाई विकास गर्नका लागि प्रत्येक पाठको अन्त्यमा सिर्जनात्मक अभ्यास राखिएको छ । अभ्यासमा भाषाका चारवटै सीपलाई समेटेको हुनाले भाषिक सीप विकास गर्ने स्तर राम्रो पक्ष देखिएको छ । पाठका अभ्यास पाठ्यक्रमका उद्देश्यहरूलाई पूरा गर्ने किसिमका छन् । पाठ्यपुस्तकमा यस तहका कक्षामा अध्ययनरत विद्यार्थीहरूको स्तर, रूचि र आवश्यकताअनुसारका अभ्यासहरू रहेका छन् । यसरी विद्यार्थीको स्तरअनुसारका अभ्यासहरूले उनीहरूको शैक्षिक अवस्थालाई अगाडि बढाउँदै जाने देखिन्छ । यसैले गर्दा *कक्षा एघारको नेपाली* पाठ्यपुस्तकमा रहेका अभ्यासहरूको समग्ररूपमा अध्ययन गर्दा उनीहरूको स्तर, चाहना र आवश्यकता स्तरअनुसारकै रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

पाठ्यपुस्तकमा रहेका अभ्यासको प्रकृति केकस्ता रहेका छन् भन्ने कुरालाई तलको तालिकामा देखाइएको छ :

तालिका २, *अभ्यासको प्रकृति र सङ्ख्याहरू*

| क.सं. | अभ्यासको प्रकृति | अभ्यासको सङ्ख्या |
|---|---|---|
| १ | शब्दभण्डार | ५२ |
| २ | बोध र अभिव्यक्ति | ८० |
| ३ | सुनाइ र बोलाइ | ६० |
| ४ | भाषातत्त्व | १०२ |
| ५ | शब्दकोशको प्रयोग | ४ |
| ६ | सिर्जना र परियोजना | ४३ |
| ७ | सुनाइ पाठ | १२ |

स्रोत : *कक्षा एघारको नेपाली* (२०७७)

**चित्रको प्रयोग :** यस पाठ्यपुस्तकको आवरण पृष्ठमा दिइएको चित्रमा छात्रछात्राहरू एकअर्कासँग कुराकानी गर्दै गरेका शिर देखिने चित्र, त्यसैगरी एउटा डायरीमाथि कलम राखिएको चित्र, खुल्ला गरी राखिएको किताब, लेख्न लागेको कलम समाएको हात, गीत सुन्दै गरेका छात्रछात्राको शिर देखिएको चित्र रहेका छन् । त्यसैगरी आवरण पृष्ठको पछाडि नेपालको नक्साको चित्र राखिएको छ । यी चित्रहरूले पाठभित्रको विषयवस्तु झल्काउने किसिमको आकर्षक रहेको पाइन्छ । त्यस्तै यस पाठ्यपुस्तकमा जम्मा बाह्रवटा पाठहरू छन् भने जम्मा सत्ताइसवटा चित्र दिएका छन् ।

आवरण पृष्ठको भित्रपट्टि कोरोना भाइरस रोगबाट बच्ने उपायहरूको चित्र पनि राखिएको छ । आवरण पृष्ठको पछाडि कोरना भाइरस रोग (कोभिड १९) का मुख्य लक्षणहरू र बच्ने उपायहरू झल्काउने अहिलेको परिवेश सुहाउने चित्र राखिनु निकै नै फलदायी र उपयुक्त रहेको छ । यस पाठ्यपुस्तकमा प्रत्येक पाठमा एकएकवटा चित्र दिइएको छ । जुन विषयवस्तुसँग सान्दर्भिक पनि देखिन्छ । पाठ

छमा भवानी भिक्षुद्वारा लेखिएको मनोवैज्ञानिक कथा 'त्यो फेरि फर्कला ?' भन्ने पाठको चित्र अलि अस्पष्ट रहेको छ । कम मसीको प्रयोगले गर्दा चित्रले देखाउन खोजेको कुरा स्पष्ट बुझिएको छैन । त्यसैगरी 'पर्यापर्याटनका सम्भावना र आयाम' शीर्षकको पाठमा रहेको चित्रमा पनि मसी बढी भएकाले चित्रमा गाढा कालो देखिएर चित्र स्पष्ट देखिएको छैन । बाँकी अन्य पाठका चित्रहरू विषयवस्तुसँग मेल खाने स्पष्ट चित्रहरू रहेका छन् ।

**अन्य :** भाषा पाठ्यपुस्तकलाइ स्तरीय उद्देश्यमूलक र फलदायी बनाउनका लागि माथि उल्लेख भएबाहेक अन्य कुराले पनि भूमिका खेलेको पाइन्छ । अन्य उपशीर्षकअन्तर्गत चारवटा पृष्ठ रहेका छन्, जसमा पाठ्यपुस्तकको जानकारी र पाठ्यक्रम विकास केन्द्रको अनुरोध राखिएको छ, साथै 'हाम्रो भनाइ'अन्तर्गत शिक्षकलाइ उद्देश्यमूलक व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन आजको आवश्यकता बनेको छ । त्यसका लागि विभिन्न समयमा पाठ्यक्रम र पाठ्यपुस्तकको परिमार्जन गर्नुपर्ने हुन्छ, त्यसैअनुसार यस पुस्तकको पनि २०७७ सालदेखि नै लागु गरिएको छ । त्यसैक्रममा शिक्षासम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक तथा अभिभावक लगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति, सम्मिलित गोष्ठी र अन्तरक्रियाका निष्कर्षबाट परीक्षण र परिमार्जन गरी यस पाठ्यपुस्तक तयार गरिएको कुरा व्यक्त गरिएको छ ।

यस किताबमा योगदान गर्नुहुने व्यक्तिहरूको नामसहित उक्त पुस्तक विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति धन्यवाद प्रकट गरिएको छ र अन्तिम अनुच्छेदमा पाठ्यपुस्तक अझ परिस्कृत र परिमार्जन गर्नका लागि राय, सुझाव र सल्लाहको लागि अपेक्षा गरिएको कुरा व्यक्त गरिएको छ ।

## सारांश

अध्याय पाँचको शीर्षक 'बाह्य र आन्तरिक आधारमा अध्ययन' राखिएको छ । यसमा *कक्षा एघारको नेपाली* (२०७७) पाठ्ययपुस्तकको आन्तरिक तथा बाह्य विशेषताहरू केकस्तो रहेको छ भनी व्याख्या र विश्लेषण गरिएको छ । यस भागमा आवरण पृष्ठको कागज आकर्षक र बलियो हुनाका साथै विद्यार्थीको स्तरअनुसारको रहेको उल्लेख गरिएको छ भने अक्षरको ठाउँ छोडाइ र अक्षरको आकार चयन सामान्य रहेको देखिन्छ । छपाइको

अवस्था भने खासै राम्रो नभएको र कतै बढी गाढा भएर त कतै मसी कम भएर अक्षर तथा चित्र राम्रोसँग नबुझिने अवस्थामा रहेको छ । पुस्तकको बँधाइ पक्ष भने राम्रो रहेको छ । पाठ्यपुस्तकको भित्र प्रयोग गरिएको कागज गुणस्तरका दृष्टिले सामान्य सेतो रहेको छ । देशका सबै ठाउँमा सजिलै प्राप्त हुन नसक्नु यसको दुर्बल पक्ष रहेको छ भने विषयसूची, पाठ, विधा र पृष्ठ उपयुक्त तरिकाले दिइए तापनि निर्देशन भने नदिनु यसको कमजोरी रहेको देखिन्छ । बाह्य विशेषतालाई दृष्टिगत गर्दा आवरण पृष्ठ तथा बनोट, अक्षर, आकार र ठाउँ छोडाइ, छपाइ, बँधाइ, कागजको स्तर, मूल्य, सुलभता र अन्य पक्षहरू उपशीर्षक दिई विश्लेषण गरिएको छ । यसैगरी आन्तरिक विशेषताअन्तर्गत पाठ्यवस्तु, विधा तथा प्रस्तुति, भाषासंरचना, नमुनाअभ्यास, चित्रको प्रयोग र अन्य उपशीर्षक दिई व्याख्या र विश्लेषण गरिएको छ । यसमा भएका पाठहरू विद्यार्थीहरूको स्तरअनुसार उपयुक्त रहेको देखिन्छ भने भाषासंरचना, नमुना अभ्यास, चित्रको प्रयोग, शब्दभण्डार तथा अन्य विविध कुराहरू सामान्य नै रहेका छन् । समग्रमा पाठ्यपुस्तक विद्यार्थीको स्तरअनुसार रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

# अध्याय छ

# सारांश, निष्कर्ष र उपयोगिता

## सारांश

प्रस्तुत शोधपत्रको पहिलो अध्यायलाई 'अध्ययनको पृष्ठभूमि' शीर्षक दिई यस शोधपत्रको पृष्ठभूमि उल्लेख गरिएको छ । यसअन्तर्गत समस्याकथनमा *कक्षा एघारको नेपाली* (२०७७) पाठ्यपुस्तकको बारेमा सामान्य परिचय दिँदै नेपाली भाषाको भाषिक सीप विकास गर्नका लागि केके गर्नु पर्दछ भनेर व्याख्या गरिएको छ । यसरी व्याख्या गर्नेक्रममा पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य विशेषताहरूको बारेमा केकस्ता पद्दतिहरू अवलम्बन गरी विश्लेषण गर्ने भन्ने कुरालाई खुलाइएको छ । यसैगरी अध्ययनको औचित्यअन्तर्गत यस पाठ्यपुस्तकको औचित्य कसरी पुष्टि हुन्छ भन्ने कुरालाई पुस्तकको आन्तरिक तथा बाह्य दृष्टिको विश्लेषण गरिने यो अध्ययन नितान्त नवीन र मौलिक हुने भएकाले शोधको औचित्य पुष्टि गरिएको छ । यस अध्ययनलाई अन्य पक्षबाट विश्लेषण नगरी वर्तमान पाठ्क्रमअनुसार आन्तरिक तथा बाह्य विशेषताका आधारमा मात्र सीमित रही पाठ्यपुस्तकको विश्लेषण गरिएको कुरालाई सीमाङ्कनमा प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत शोधपत्रको उपयोगिताअनुसार शोधको औचित्य र शोधले समेटेका कुराहरू सीमाङ्कन र अध्यायको सङ्क्षिप्त सारांश समावेश गरी पहिलो अध्याय सम्पन्न गरिएको छ ।

दोस्रो अध्यायमा सम्बन्धित कार्यको पुनरावलोकन प्रस्तुत गरिएको छ, जसअन्तर्गत प्रायोगिक पुनरावलोकनमा शोधको उद्देश्यअनुसार भाषा पाठ्यपुस्तकको आन्तरिक र बाह्य विशेषताहरूको विश्लेषण गर्ने क्रममा सैद्धान्तिक पुनरावलोकनअन्तर्गत यस शोध शीर्षकसँग सम्बन्धित निष्कर्षलाई पाँचवटा पुस्तकको समीक्षालाई आधार मानिएको छ भने प्रायोगिक पुनरावलोकनअन्तर्गत दसवटा शोधसमीक्षाको आधारमा विश्लेषण गरिएको छ । पूर्वकार्यको अवलोकनको अनुप्रयोगले शोधार्थीलाई शोधको शीर्षक चयन गर्न, समस्याको विशिष्टीकरण गर्न, शोधको उद्देश्य पहिल्याउन, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, समस्याको चुरो पत्ता लगाउनुका साथै त्यस्ता समस्याहरूको समाधान गर्न तथा विभिन्न कुरामा फाइदा पुगेको कुरालाई विश्लेषण गरिएको छ भने भाषा पाठ्यपुस्तकको सैद्धान्तिक अवधारणालाई पनि प्रस्तुत गरिएको छ, जसमा पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य क्षेत्रको विश्लेषण गरिएको छ । यसैगरी पाठ्यक्रम र भाषा पाठ्यपुस्कको सैद्धान्तिक परिचयअन्तर्गत विभिन्न

उपशीर्षकहरू प्रस्तुत गरी पाठ्यपुस्तकको विश्लेषणको सैद्धान्तिक अवधारणालाई प्रस्तुत गरिएको छ भने अन्त्यमा यस अध्यायको सङ्क्षिप्त सारांश प्रस्तुत गरी यस अध्यायलाई समापन गरिएको छ ।

अध्याय तीनलाई 'अनुसन्धान विधि' शीर्षक दिई *कक्षा एघारको नेपाली* पाठ्यपुस्तकसँग सम्बन्धित लेख, रचना, शोधकार्य तथा पुस्तकहरूलाई शोध सामग्रीका रूपमा उपयोग गरिएको छ । यसका लागि मूलतः पुस्तकालयीय अध्ययन विधिलाई उपयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण, त्यसको पूर्व परीक्षण, परीक्षणको कार्यान्वयन, तथ्याङ्क सङ्कलन, सङ्कलित तथ्याङ्कको व्याख्या, विश्लेषण र प्रस्तुतीकरणजस्ता वर्णनात्मक विधिको उपयोग गरिएको छ । तथ्य सङ्कलन गर्ने क्रममा प्राथमिक स्रोत र द्वितीय स्रोतका सामग्री निर्माण गरिएको छ र तिनै सामग्रीहरूबाट सैद्धान्तिक तथा प्रायोगिक आधार तयार गरी सोहीअनुरूप विश्लेषण गरिएको छ । यसका साथै यसै अध्यायमा प्रस्तुत शोधकार्यको अवधारणात्मक ढाँचा प्रस्तुत गर्नुका साथै 'नतिजा र छलफल' शीर्षकअन्तर्गत पाठ्यक्रमले अपेक्षा गरेका लक्ष्य तथा उद्देश्यहरू पाठ्यपुस्तकले पुरा गर्न सकेको वा नसकेको पत्ता लगाउनका लागि पाठ्यपुस्तकमा दिइएका विभिन्न विधागत पाठहरूको विश्लेषण गरिएको छ । 'शोधपत्रको रूपरेखा' शीर्षकअन्तर्गत शोधपत्रको विभिन्न अध्यायमा केकस्ता व्याख्या र विश्लेषण गरिएको भनी सङ्क्षिप्त व्याख्या गरिएको र अन्त्यमा यस अध्यायको सारांश प्रस्तुत गरिएको छ ।

चौथो अध्यायलाई 'व्याख्या र विश्लेषण' शीर्षक राखी यसअन्तर्गत *कक्षा एघारको नेपाली* पाठ्यपुस्तकको परिचय दिँदै भाषा पाठ्यपुस्तकको उपयोगिता, पाठ्यक्रमका आधारमा विश्लेषण, भाषिक सीपका आधारमा पाठ्यपुस्तकअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप, विधाको क्षेत्र, क्रम र पाठहरूको व्याख्या र विश्लेषण गरिएको छ । विश्लेषण गर्ने क्रममा पाठ्यपुस्तकका प्रत्येक पाठमा कार्यमूलक व्याकरण राखिएको, पाठ्यक्रमले निर्धारण गरेबमोजिमका विधा, विधाका क्षेत्रअनुरूपका पाठहरू पाठ्यपुस्तकमा भएनभएको कुरालाई अध्ययन गरिएको छ ।

अध्याय पाँचलाई 'बाह्य र आन्तरिक आधारमा अध्ययन' शीर्षक राखी विवेच्य पाठ्यक्रमको आन्तरिक तथा बाह्य विशेषताहरू केकस्तो रहेको छ भनी व्याख्या तथा विश्लेषण गरिएको छ । विश्लेषणको आधारमा आवरण पृष्ठ तथा बनोट, अक्षर, आकार र ठाउँ छोडाइ, छपाइ, बँधाइ, कागजको स्तर, मूल्य, सुलभता र अन्य पक्षहरू उपशीर्षक दिई

विश्लेषण गरिएको छ भने आन्तरिक विशेषताअन्तर्गत पाठ्यवस्तु, विधा तथा प्रस्तुति, भाषासंरचना, नमुनाअभ्यास, चित्रको प्रयोग र अन्य उपशीर्षक दिई व्याख्या र विश्लेषण गरिएको छ ।

अध्याय छलाई 'सारांश, निष्कर्ष र उपयोगिता' शीर्षक दिई यसअन्तर्गत *कक्षा एघारको नेपाली* पाठ्यपुस्तकको अध्ययन विश्लेषणपश्चात् शोधको उद्देश्यअनुरूप निकालिएका निष्कर्षहरूको अध्याय एकदेखि अध्याय पाँचसम्मको सारांश र निष्कर्षका साथै यस शोधपत्रको उपादेयता प्रस्तुत गरिएको छ ।

**निष्कर्ष**

शिक्षाको राष्ट्रिय उद्देश्यलाई पुरा गर्ने ध्येय राखी २०७७ सालमा परिमार्जन गरी *कक्षा एघारको पाठ्यक्रम* तयार गरिएको हो । यस पाठ्यक्रममा पाठ्यवस्तुले निर्दिष्ट गरेका उद्देश्यअनुसार विभिन्न विधाका पाठ्यवस्तुहरू यस पाठ्यपुस्तकमा समावेश गरिएको पाइन्छ । नेपाली भाषा पाठ्यपुस्तकलाई पढ्ने तथा पढाउन मात्र नभई सिक्ने तथा सिकाउने पाठ्यपुस्तकका रूपमा लिइएको छ, जसले गर्दा विद्यार्थी पाठको सिकाइपश्चात् व्यवहारकुशल सीप प्रदान गर्न सकून् भन्ने उद्देश्यका साथ पाठ्यपुस्तकलाई २०७६ सालको पाठ्यक्रमको प्रारूप परिवर्तन गरेर पाठ्यपुस्तकलाई पाठ्यक्रमसँग मेल खाने बनाइएको पाइन्छ ।

पाठ्यक्रम प्रारूप २०७६ अनुसार परिवर्तित *कक्षा एघारको पाठ्यपुस्तक*लाई समयानुकूल, विद्यार्थीको भाषिक क्षमता अभिवृद्धि गर्न, विद्यार्थीलाई भाषाका चार सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मा पूर्ण दक्ष बनाउनका लागि विधागत पाठहरू प्रभावकारी देखिन्छन्, जसमा कविता, सामाजिक र मनोवैज्ञानिक कथाहरू राखिनुका साथै निबन्ध, प्रबन्ध, चिठी, रिपोतार्जनात्मक सिर्जना, व्याकरण आदि विधाहरूलाई क्रमबद्ध र स्तरअनुसार मिलाएर राखिएको पाइन्छ, जसले गर्दा पाठ्यपुस्तकले पाठ्यक्रमको निर्दिष्ट उद्देश्य पुरा गर्ने खालको देखिन्छ । यी कारणहरूले गर्दा यो पाठ्यपुस्तक विद्यार्थीको आवश्यकतामा आधारित रहेर परिवर्तन गरिएको देखिन्छ ।

प्रस्तुत पाठ्यपुस्तकको बाह्य विशेषताअन्तर्गत स्वरूप तथा बनोट, अक्षराकार र ठाउँ छोडाइ, छपाइ तथा बँधाइ, कागजको स्तर, मूल्य, सुलभता र अन्य गुणहरूले मजबुत रहेको देखिन्छ । यी विविध बाह्य विशेषताहरूमध्ये बनोट, अक्षराकार र ठाउँ छोडाइका

दृष्टिले पाठ्यपुस्तकलाई सुन्दर र आकर्षक बनाउनुका साथै विद्यार्थीहरूलाई पढूँपढूँ लाग्ने खालको भएको देखिन्छ । यसबाट यो पाठ्यपुस्तक माध्यमिक तहका विद्यार्थीअनुकूल बनाइएको प्रष्ट रूपमा देख्न सकिन्छ । चित्रको छपाइका क्रममा केही कमजोरी भएको देखिए तापनि अन्य पक्षहरू सबल रहेको देखिन्छ । यसबाट पाठ्यपुस्तकको बाह्य विशेषता राम्रो र गुणस्तरीय भएको आकलन गर्न सकिन्छ ।

पाठ्यपुस्तकको आन्तरिक विशेषताहरूले नै पाठ्यपुस्तकलाई विद्यार्थीअनुकूल र प्रभावकारी रहेको वा नरहेको भन्ने कुरा पत्ता लगाउँदछ । पाठ्यपुस्तकको आन्तरिक विशेषताअन्तर्गत समेटिएका विभिन्न पक्षहरूको आआफ्नै महत्त्व र भूमिका रहेका हुन्छन् । यसअन्तर्गत पाठ्यवस्तु, विधा तथा प्रस्तुति, भाषासंरचना, नमुना अभ्यास, चित्रको प्रयोग, शब्दभण्डार तथा अन्य विविध तत्त्वहरू रहेका हुन्छन् । यस पाठ्यपुस्तकको विधागत प्रस्तुतिमा जम्मा बाह्रवटा पाठहरूलाई समेटिएको छ । विद्यार्थीको पूर्व भाषिक क्षमताअनुसार पाठलाई लम्बीय रूपमा मिलाइएको छ । विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउने खालका पाठ्यवस्तुहरू यस पाठ्यपुस्तकमा राखिएका छन् । अभ्यासले विद्यार्थीको भाषिक क्षमतालाई विकास गराउनुका साथै सिक्ने र सिकाउने पक्षमा समेत विशेष ध्यान दिएको देखिन्छ, जसले गर्दा कक्षा एघारको लागि परिवर्तित गरिएको पाठ्यपुस्तक आन्तरिक रूपमा पनि सशक्त रहेको देखिनाले पाठ्यपुस्तकलाई विद्यार्थीको रुचि र आवश्यकतालाई ख्याल गरी प्रस्तुत गरिएको पाइन्छ ।

*कक्षा एघारको नेपाली* पाठ्यपुस्तकको आन्तरिक र बाह्य विशेषताहरूको विश्लेषण गरिसकेपछि धेरै राम्रा पक्ष देखिएका छन् भने केही कमजोर पक्ष पनि देखिएका छन्, जसमा पाठ्यपुस्तकको आन्तरिक पक्षअन्तर्गत पाठमा प्रयोग गरिएका चित्रहरू थोरै र अस्पष्ट हुनुका साथै छपाइका दृष्टिले हेर्दा कहीँ बढी र कहीँ कम मसीको प्रयोग गरिएको देखिन्छ । पाठ्यपुस्तकका बाह्य विशेषताहरूमध्ये कागजको गुणस्तर पनि कमसल खालको देखिन्छ र पुस्तकको मूल्य उल्लेख नगर्नु पनि यसको कमजोर पक्ष रहेको देखिन्छ ।

## उपयोगिता

अनुसन्धान तथ्यपरक हुन्छ । तथ्य कुनै क्षेत्रमा सीमित भई सोसँग सम्बद्ध आवश्यक सूचना प्रदान गर्दछ । तथ्याङ्कीय विश्लेषणका आधारमा प्राप्त निष्कर्षले कुनै विषय शीर्षकको गुण र दोष केलाउन सहयोग गर्दछ । यसै तथ्यका आधारमा तयार पारिएको यस

अध्ययनले पाठ्यपुस्तकका आन्तरिक र बाह्य पक्षलाई ख्याल गर्दै पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकको निर्माण गर्न सहयोग पुग्ने देखिन्छ । यस अध्ययनको उपयोगितालाई नीतिगत तह र प्रयोगगत तह गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

**नीतिगत तह**

नीतिगत तहअन्तर्गत यस पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य विश्लेषणले विभिन्न तहमा यस्ता पाठ्यपुस्तकहरूको अध्ययनबाट प्राप्त निष्कर्षहरू शैक्षणिक एवम् पाठ्यपुस्तक लेखनका दृष्टिले आवश्यक मानिन्छन्, तसर्थ यस अध्ययनको निष्कर्ष र सुझावले पाठ्यपुस्तक परिमार्जनका लागि समेत फाइदा पुग्नेछ । वर्तमान समयमा लागु भएको पाठ्यपुस्तक अनुसन्धानका साथै कार्यमूलक क्षेत्रमा भएको प्रयोगमा देखिने बाधा, व्यवधान साथै राम्रो पक्षको समेत रेखाङ्कन गर्न सकिने छ । यसको अध्ययनले *कक्षा एघारको नेपाली* शीर्षकको भाषा पाठ्यपुस्तकका सम्बन्धमा अध्ययन गर्न चाहने अध्येताहरूलाई मार्गनिर्देशन गर्नेछ । पाठ्यपुस्तकमा देखा परेका कमीकमजोरी पहिचान गरी निराकरण गर्न सहयोग पुऱ्याउने कुरा प्रष्ट हुन्छ । भाषा पाठ्यपुस्तक र पाठ्यक्रमसम्बन्धी अनुसन्धानकर्तालाई सामग्री उपलब्ध गराइ प्रस्तुत शोधले सहयोग पुऱ्याउने छ । यसका साथै यस अध्ययनले माध्यमिक तहका भाषा पाठ्यपुस्तक एवम् पाठ्यसामग्री निर्माण गर्दा निर्माण संस्थालाई उक्त पाठ्यपुस्तक वा पाठ्यसामग्री पाठ्यक्रमअनुसार बनाउने, पाठ्यपुस्तक वा पाठ्यसामग्री निर्माण गर्ने व्यक्ति वा संस्थालाई भाषा पाठ्यपुस्तकका शैक्षिक तथा भौतिक पक्षमा स्तर अनुकूलता अपनाइनु पर्ने आवश्यकता बोध गराउने, पाठ्यपुस्तकको बाह्य र आन्तरिक आधारलाई ख्याल गरी आगामी दिनमा पाठ्यपुस्तक निर्माण गर्न सहयोग गर्नेछ । विद्यार्थीको प्रकृति, सिकाइ, स्तर, क्षमता र आवश्यकताका आधारमा पाठ्यपुस्तक निर्माण गर्दा सहयोग पुग्दछ ।

**प्रयोगगत तह**

प्रयोगगत तहअन्तर्गत यस अध्ययनले शोधनिर्देशकलाई समेत शोधपत्रको बारेमा मूल्याङ्कन गर्न तथा आगामी दिनमा शोध गर्न चाहने शोधार्थीहरूलाई उदाहरणको रूपमा प्रस्तुत गर्न सक्ने छ साथै यस शोधसँग सम्बन्धित विभिन्न निकायहरूले यसको सहयोग लिई पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण गर्न, शिक्षण विधिको चयन गर्न, यस अध्ययनले पाठ्यपुस्तकका सबल र दुर्बल पक्षको पहिचान गरी सदुपयोग गर्न सहयोग पुग्ने छ भने

*कक्षा एघारको नेपाली* पाठ्यपुस्तकमा के-कस्ता कमजोरी छन् ? त्यो पत्ता लगाउन सकिन्छ र सबल पक्षलाई ख्याल गरी विद्यार्थीलाई अध्ययन गर्न र शिक्षकलाई अध्यापन गराउँदा भाषाका चारै सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) को अभ्यास बराबरी रूपमा विद्यार्थीहरूमा गराउनु पर्ने कुरामा बोध हुन्छ । यस्तै यस अध्ययनसँग सम्बन्धित विभिन्न व्यक्तिहरूमा कृतिभित्र विद्यमान पाठहरूमा समाजमा रहेका सकारात्मक तथा नकारात्मक कुराहरूको अध्ययन गरी समाज सुधार गर्न मद्दत पुग्दछ ।

# सन्दर्भ सामग्रीसूची

अधिकारी, हेमाङ्गराज (२०६५), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक पसल ।

अधिकारी, हेमाङ्राज र केदारप्रसाद शर्मा (२०६३), *भाषा शिक्षण : केही परिप्रेक्ष्य र पद्धति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, कृष्णप्रसाद (२०६६), *भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ, क्षितिज प्रकाशन ।

आचार्य, माधवप्रसाद र गौतम रामप्रसाद (२०६६), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार ।

ओली, तुलसीकुमारी (२०७०), *स्नातकोत्तर तहका लागि कक्षा छको नेपाली पाठ्यपुस्तकको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली भाषा शिक्षा केन्द्रीय विभाग : कीर्तिपुर ।

कँडेल, कमलादेवी (२०७३), *कक्षा पाँचको मेरो नेपाली (२०७३) र स्वागत नेपाली (२०७०) पाठ्यपुस्तक बीचको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

क्षेत्री, मीनाकुमारी (२०७३), *कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

गौतम, देवीप्रसाद, पारसमणि भण्डारी र रामनाथ ओझा (२०६९), *स्नातक नेपाली,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

घिमिरे, ईश्वरकुमार (२०७२), *स्नातक अनिवार्य नेपाली,* काठमाडौँ : क्वेस्ट पब्लिकेसन प्रा.लि. ।

घिमिरे, दीपेन्द्र (२०६९), *कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, बालकुमारी कलेज, नारायणगढ ।

घिमिरे, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

चालिसे, सुमिता (२०७३), *पाठ्यक्रमअनुरूपताको आधारमा कक्षा छको नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

ढकाल, कोपिला (२०७३), *कक्षा नौको नेपाली (२०६४) र नेपाली (२०७३) पाठ्यपुस्तकको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

ढकाल, मीना (२०६६), *कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

ढकाल, शान्तिप्रसाद (२०६२), *नेपाली भाषा शिक्षण : परिचय र प्रयोग,* काठमाडौँ : मनकामना बुक्स स्टेशनरी ।

ढुङ्गाना, तुलसीप्रसाद (२०६५), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : सुजाता प्रकाशन ।

ढुङ्गेल, दिवाकर र अन्य (२०७३), *नेपाली कक्षा नौ,* पाठ्यक्रम विकास केन्द्र, भक्तपुर : सानोठिमी ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६४), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

त्रिपाठी, वासुदेव (२०६७), *नेपाली बृहत् शब्दकोश* (सम्पा.), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

थपलिया, आस्था (२०७३), *कक्षा आठको हाम्रो नेपाली (२०६४) र नेपाली (२०७२) पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

पौड्याल, अनन्तकुमार (२०७२), 'बालबालिकाको पढाइ सीप विकासमा नयाँ सोच इजीआर : के, किन र कसरी ?', साभार https://shikshakmasik.com/2811.

पौडेल, माधवप्रसाद (२०६७), *भाषा पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण पद्धति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र अन्य (२०६६), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

सुवेदी, शान्ता (२०६५), *कक्षा सातको नेपाली पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा केन्द्रीय विभाग : कीर्तिपुर ।

## परिशिष्टहरू

परिशिष्ट १: *पाठ्यक्रमले निर्धारण गरेका विधाको क्षेत्र*

| विधा/पाठ | क्षेत्र | बोध(सु.प.) | अभिव्यक्ति (लेखाइ) | भाषातत्त्व |
|---|---|---|---|---|
| कविता (पद्य) | देशभक्ति | - कविताको संरचना<br>- विषयको क्रम,भाषा,लय, आदिको बोध<br>- देशभक्ति, संस्कृति र भाषा पद्यांशको बोध | - कविताको लयबद्ध वाचन<br>- कवितालाई गद्यमा रूपान्तरण<br>- कविता सिर्जना (अनुकरणात्मक लेखन) | - नेपाली कथ्य र लेख्य वर्ण (स्वर र व्यञ्जन) बोध पहिचान<br>- उच्चार्थ व्यञ्जन वर्णको पहिचान र प्रयोग (स्थान, प्रयत्न, घोषत्व र प्राणत्व) |
| कथा | सामाजिक | - कथाको संरचन (विषय, योजना, घटनाक्रम, संवाद, भाषा आदि) को बोध | - कथाका घटनाहरूको टिपोट<br>- कथाका पात्रहरूको चरित्र वर्णन<br>- लघुकथा लेखन (अनुकरणात्मक) | - मूल र व्युत्पन्न शब्दको पहिचान<br>- शब्दस्रोतः तत्सम, तद्भव र आगन्तुक शब्द<br>- शब्दकोशीय प्रयोग |
| निबन्ध | सांस्कृतिक (आत्मपरक) | - निबन्धको संरचना<br>- (अनुच्छेद योजना, विषय, प्रस्तुतिको क्रम, भाषाशैली आदिको) बोध | - निबन्धमा वर्णित मुख्य विषयको बुँदाटिपोट र सार लेखन<br>- स्थानीय समाजमा प्रचलित चाडपर्वको वर्णन गरी निबन्ध लेखन<br>- तार्किक अन्तर्क्रियात्मक<br>- समस्या समाधानमूलक लेखन | - पदवर्ग (नाम, सर्वनाम, विशेषण र क्रियापद) को प्रयोगात्मक पहिचान |
| जीवनी | राष्ट्रिय | - जीवनीको संरचना (जीवन विषयक घटना शृङ्खला, अनुच्छेद योजना भाषा आदि) को बोध | - जीवनीमा प्रस्तुत घटनाक्रमको वर्णन<br>- आफ्नो समाजमा प्रतिष्ठित कुनै व्यक्तिको जीवनी लेख<br>- जीवनीबाट प्राप्त सन्देश/ शिक्षाको अभिव्यक्ति | - पदवर्ग नामयोगी, संयोजक, विस्मयादिबोधक र निपातको प्रयोगात्मक पहिचान |

| | | | | |
|---|---|---|---|---|
| पत्र लेखन | घरायसी | - पत्र लेखनको संरचना विषय, प्रस्तुतिक्रम, ढाँचा, भाषाशैली आदि) को बोध | - पत्र लेखनमा प्रस्तुत विषयवस्तु र ढाँचाको टिपोट<br>- निर्दिष्ट विषयमा पत्रलेखन<br>- नियन्त्रण, बधाई, शुभकामना अभिनन्दनपत्र, सम्मानपत्र, सूचना, विज्ञापन, श्रद्धाञ्जली, समवेदनाका ढाँचा र शैलीको अध्ययन तथा लेखन अभ्यास | - लेख्यचिन्ह र तिनको प्रयोग (पूर्णविराम, अर्धविराम, अल्पविराम, कोष्ठक, विकल्पबोध, तिर्यक, प्रश्नवाचक, उद्गार, निर्देशक, योजक, छुट्टै चिन्ह, क्रियापद चिन्ह |
| कथा | मनोवैज्ञानिक | - कथाको संरचना (विषय, अनुच्छेद योजना, घटनाक्रम, संवाद, भाषा आदि) को बोध | - कथाका घटनाहरूको टिपोट<br>- कथाका पात्रहरूको चरित्र वर्णन<br>- पढेका नयाँ कथाका बारेमा प्रस्तुति<br>- लघुकथा लेखन (अनुकरणात्मक) | - वर्णविन्यासको पहिचान र प्रयोग<br>- भाषिक प्रयोगमा पदयोग र पदवियोगको पहिचान र प्रयोग |
| निबन्ध | प्राकृतिक (वस्तुपरक) | - निबन्धको संरचना (विषय, अनुच्छेद, योजना, घटनाक्रम, संवाद, भाषा आदि) को बोध | - निबन्धमा वर्णित मुख्य विषयको बुँदा टिपोट, सारांश | उपसर्गद्वारा शब्दनिर्माण<br>- अ, अनुकु, बि, बे, बद, गैर<br>- अति, अधि, अनु |
| लघु नाटक | सामाजिक र मनोवैज्ञानिक | - नाटकको संरचना (विषय, प्रस्तुतिक्रम, हाउभाउ, मञ्चीयता चरित्र, संवाद, भाषाशैली आदि) को बोध | - नाटकका प्रमुख पात्रको चरित्र वर्णन<br>- नाटकका घटना तथा परिवेशको वर्णन<br>- नाटकको संवादात्मक अभिनय (विषयको प्रस्तुति, हाउभाउ)<br>- संवाद लेखन<br>- प्रतिवेदन लेखन (कार्यक्रम, भ्रमण, घटना) | प्रत्ययद्वारा शब्द निर्माण :<br>- अक्कड, अत, अन्त, आइँ, याइँ, आउ, आली, आलु, यावट, आहा, याहा, इया<br>- इयार, इलोई, उवा, ए, एली, ओ, ओट, औली, यौली, पन, पनाली, ले |
| रिपोर्ताजमूलक रचना | स्वास्थ्य, योग तथा चिकित्सा | - रिपोर्ताजको संरचना (विषय प्रस्तुतिको क्रम, अनुच्छेद योजना, भाषाशैली) आदिको बोध<br>- रिपोर्ताजमा प्रयुक्त कठिन शब्दको अर्थबोध<br>- रिपोर्ताजको ढाँचा र शैलीको अध्ययन | - रिपोर्ताजमा वर्णित मुख्य विषयको बुँदा टिपोट, टिप्पणी लेखन<br>- स्वास्थ्य योग र चिकित्साको वर्णन गरी रिपोर्ताज लेखन<br>- रिपोर्ताजमा प्रयुक्त कठिन शब्दबाट वाक्य रचना<br>- प्रतिवेदन लेखन ढाँचा र शैलीको अध्ययन र लेखन अभ्यास | - प्रत्ययद्वारा शब्दनिर्माण : अक, अन, अनीय, इक, इट ई, ईन, ईण, ईय, क, तर, तम, तय, ता, ति, मय, मान्, वान, य |

| | | | | |
|---|---|---|---|---|
| संवादात्मक रचना | कृषि वन तथा वातावरण | - संवादको संरचना विषय प्रस्तुतिक्रम, हाउभाउ, तर्क, संवाद, भाषाशैली आदिको बोध | - संवादमा प्रस्तुत विषयवस्तुको टिपोट<br>- विषयको प्रस्तुति, हाउभाउ<br>- निर्दिष्ट विषयमा संवाद लेखन तथा मौलिक अभिव्यक्ति र अभिनय<br>- उद्घोषण, समाचार, वाचन, प्रवचन आदिको अभ्यास | - समास प्रक्रियाद्वारा शब्द निर्माण) अव्ययी भाव, कर्मधारय, तत्पुरुष द्वन्द, दिगु, बहुब्रीहि समास र विग्रहसमेत) |
| दैनिकी रचना | पर्यटन | - निर्दिष्ट पाठको बोध (अनुमान, संरचना, पहिचान) आदि<br>- निर्दिष्ट पाठमा प्रयुक्त प्राविधिक तथा पारिभाषिक शब्दको अर्थबोध | - निर्दिष्ट पाठसँग सम्बन्धित रचना<br>- बुँदा टिपोट र सारांश लेखन<br>- दैनिकी लेखन<br>- अनुकरणात्मक लेखन | - दित्व प्रक्रियाद्वारा शब्द निर्माण (पूर्ण आंशिक र आपरिवर्तित द्वित्व)<br>- सन्धि र सन्धि भएका शब्दको पहिचान |
| वक्तृतात्मक रचना | जलस्रोत र ऊर्जा | - वक्तृताको संरचना (विषय प्रस्तुति क्रम हाउभाउ तर्क, संवाद, भाषाशैली) आदिको बोध | - वक्तृतामा प्रस्तुत विषयवस्तुको टिपोट<br>- हाउभाउसहित विषयको प्रस्तुति<br>- निर्दिष्ट विषयमा वक्तृत लेखन तथा मौलिक अभिव्यक्ति र अभिनय<br>- उद्घोषण समाचार वाचन, प्रवचन आदिको अभ्यास<br>- वक्तृता, वादविवाद आयोजना<br>- विभिन्न ढाँचामा प्रतिवेदन लेखन | - उद्देश्य र उद्देश्य विस्तार तथा विधेय र विधेय विस्तार, पहिचान र प्रयोग<br>- व्याकरणात्मक कोटिका आधारमा वाक्य परिवर्तन (लिङ्ग, वचन, पुरुष, आदर)<br>- कथन (प्रत्यक्ष, अप्रत्यक्ष)<br>- धुव्रीयता (करण, अकरण) |

स्रोत : भाषा पाठ्यपुस्तकमा रहेका विधा, विधागत पाठहरू

परिशिष्ट २ : *भाषा पाठ्यपुस्तकमा दिएका, विधा, विधाको क्षेत्र, विधागत पाठ, विधागत पाठ सङ्ख्या*

| विधा | क्षेत्र | पाठ | सङ्ख्या |
|---|---|---|---|
| कविता (पद्य) | देशभक्ति | ● वीर पुर्खा | १ |
| कथा | सामाजिक | ● गाउँको माया<br>● त्यो फेरि फर्कला ? | २ |
| निबन्ध | आत्मपरक निबन्ध | ● संस्कृतिको नयाँ यात्रा<br>● पर्यापर्यटनका सम्भावना र आयाम | २ |
| जीवनी | वस्तुपरक निबन्ध | योगमाया | १ |
| चिठी | राष्ट्रिय | साथीलाई चिठी | १ |
| रूपक | घरायसी चिठी | ● लौ आयो ताजा खबर<br>● कृषिशालामा एक दिन<br>● जलस्रोत र ऊर्जा | ३ |
| रिपोर्ताजामूलक रचना | ● लघु नाटक<br>● संवाद<br>● वक्तृता | सफलताको कथा | १ |
| दैनिकी | | रारा भ्रमण | १ |
| भाषातत्त्व (व्याकरण) | | ● उच्चारण स्थानको आधारमा स्वर र व्यञ्जन वर्णको पहिचान<br>● पद सङ्गति<br>● काल र पक्ष<br>● अर्थ वा भाव<br>● वाच्य परिवर्तन<br>● धातु<br>● कारक र विभक्ति<br>● शब्दवर्ग परिवर्तन<br>● वाक्य संश्लेषण र विश्लेषण | |

| | |
|---|---|
| शब्दभण्डार | • लेख्य चिन्हहरू<br>• शब्द निर्माण प्रकृया<br>• हिज्जे (वर्णविन्यास)<br>• पर्यायवाची<br>• विपरीतार्थी शब्द<br>• अनुकरणात्मक शब्द<br>• अनेकार्थक शब्द<br>• लघुवाचक (सानोलाई बुभाउने) शब्द<br>• सिङ्गो शब्द<br>• पारिभाषिक शब्द<br>• सङ्क्षिप्त शब्द<br>• टुक्का र उखान |

स्रोत : *कक्षा एघारको नेपाली* पाठ्यपुस्तक विषयसूची



# व्यक्तिवृत्त

नाम : सीता पौडेल

जन्ममिति : २०४८/०५/१५

जन्मस्थान : भरतपुर, चितवन

बाबुको नाम : यमलाल पौडेल

आमाको नाम : सरस्वती पौडेल

पतिको नाम : नकुलप्रसाद गौतम

राष्ट्रियता : नेपाली

लिङ्ग : महिला

धर्म : हिन्दु

वैवाहिक स्थिति : विवाहित

भाषा : नेपाली

रुचि : अध्ययन, भ्रमण, सङ्गीत र समाजसेवा

कार्य : अध्यापन

हालको ठेगाना : भरतपुर-११, चितवन

सम्पर्क : ९८४५८२३९४०

शैक्षिक योग्यता

| क्र.सं. | तह | अध्ययन गरेको संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १ | स्नातकोत्तर | सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर | | अध्ययनरत |
| २ | स्नातक | सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर | २०७० | द्वितीय |
| ३ | दश जोड दुई | चितवन उच्च मा.वि., भरतपुर | २०६७ | द्वितीय |
| ४ | एस.एल.सी. (प्रवेशिका) | नयाँ किरण मा.वि., भरतपुर | २०६५ | द्वितीय |